का.जि.प्र.का.द.नं. १००/०५२/६०
२४ साउन २०८३
आइतबार
9 August 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक १२२ । पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

प्रहरीमा दर्ता भएका साइबर अपराधका मुद्दा

- २०८०/८१ : २५५
- २०८१/८२ : २९९
- २०८२/८३ : ४०९

साइबर हिंसा तथा अपराध र अपराधजन्य घटनाले साइबर अपराध सुरक्षा चुनैती बन्दै गरेको देखाउँछ। यसबाट जनप्रतिनिधि र विशिष्ट व्यक्ति समेत प्रताडित भएका छन्।

नेताहरू नै भए साइबर बुलिङको सिकार

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २३ साउन

शुक्रबार प्रतिनिधिसभाको बैठकमा सांसद पार्वती विकले आफू साइबर हमलाबाट पीडित भएको बताइन्। उनले साइबर बुलिङसम्बन्धी कानुन बनाएर त्यस्ता व्यक्तिमाथि हदैसम्मको कारबाही हुनुपर्ने माग गरिन्।

'संविधान रक्षाको विषयमा बोलेको कुरालाई लिएर पूर्वसचिव भीम उपाध्यायले अमुक धर्मावलम्बीको सेन्टिमेन्टलाई बोकेर सामाजिक सञ्जालमार्फत ह्यारेस्मेन्ट गर्ने गतिविधिले मलाई गम्भीर बनाएको छ,' सांसद विकले भनिन्, 'यस्ता गतिविधिप्रति मेरो कडा आपत्ति छ।'

सामाजिक सञ्जालमार्फत समाजमा वितण्डा र अफवाह फैलाउने प्रवृत्तिलाई कानुनी दायरामा ल्याउन उनले सरकारको ध्यानाकर्षण गराइन्।

साइबर बुलिङसम्बन्धी बलियो कानुन बनाउन माग गरेकी विकले सरकारले सांसदको सुरक्षा गर्नसमेत नसकेको टिप्पणी गरिन्।

सरकारलाई उनले प्रश्न गरिन्, '३ करोड नेपालीको जिम्मा लिएको सरकारले एक सांसदको सुरक्षा गर्न सक्दैन भने ५१ लाख ८३ हजार ४५३ मतदाताले मत दिएर पठाएको सरकारको के जिम्मा?'

साइबर बुलिङबाट पीडित भएको बताउने अरू नेताहरू पनि छन्।

केही दिनअघि मात्रै रास्वपाका सांसद राजुनाथ पाण्डे आफूमाथि साइबर बुलिङ भएको भन्दै एक टेलिभिजन अन्तर्वार्तामा भावुक भएका थिए।

सडक निर्माणका क्रममा गोकर्णस्थित नेपाली सेनाको ब्यारेकको पर्खाल भत्काउँदा सेनाका एक अधिकृतलाई थर्काएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो। सोही भिडियोलाई लिएर सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये धेरैले सांसद पाण्डेलाई चर्को गाली गरेका थिए। उक्त विषयमा प्रधानमन्त्रीको सचिवालयका व्यक्तिहरूले पाण्डेलाई हप्काएको विषय पनि सामाजिक सञ्जालमा भाइरल बनेको थियो। उक्त प्रकरणमा सांसद पाण्डेले आफूमाथि साइबर हमला भएको बताउँदै आएका छन्।

त्यस्तै, गत असार अन्तिम साता राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सांसद खुश्बु ओलीले आफूमाथि साइबर हमला भएको भन्दै संसद्बाटै सरकारको ध्यानाकर्षण गराएकी थिइन्।

उनको ध्यानाकर्षणलगत्तै गृहमन्त्री सुधन गुरुङले कानुनी प्रक्रियामा आउन सुझाएका थिए। सांसद ओलीको उजुरीका आधारमा सामाजिक सञ्जालबाट धम्की दिने तथा दुर्व्यवहार गरेको आरोपमा भरतपुर महानगरपालिकाका तेजेन्द्रप्रसाद पौडेल र बुटवल घर भई हाल नारायणगढमा व्यवसाय गरेर बस्ने अभि घिमिरेलाई प्रहरीले पक्राउ गरेको थियो।

संसद्मा देखिएका यी प्रतिनिधि पात्र मात्रै हुन्।

उनीहरूजस्ता सयौँ जनप्रतिनिधि साइबर हमलाबाट पीडित छन्। सांसद, नेता तथा सरकारी र गैरसरकारी क्षेत्रमा उच्च व्यक्तिहरूमाथि साइबर हमला भइरहँदा सामान्य नागरिक, विपन्न तथा सीमान्तकृत समुदायको अवस्था के होला? यो प्रश्नले आमरूपमा पृष्ठ २ मा

संविधान रक्षाको विषयमा बोलेको कुरालाई लिएर पूर्वसचिवले अमुक धर्मावलम्बीको सेन्टिमेन्टलाई बोकेर सामाजिक सञ्जालमार्फत ह्यारेस्मेन्ट बनाउने गतिविधिले मलाई गम्भीर बनाएको छ।

● **पार्वती विक**, सांसद, नेकपा

कानुन अभावले साइबर बुलिङबाट पीडितले न्याय पाउन सकेका छैनन्।

● **सविन श्रेष्ठ**, अधिवक्ता

संवाद छाडेर सञ्जालमा दोहोरी

समस्या समाधानका लागि प्रत्यक्ष भेटेर संवाद गर्नुको साटो रास्वपाभित्रको असन्तुष्टि, प्रधानमन्त्रीको प्रतिक्रिया र पार्टीका नेताहरूको प्रतिवाद सामाजिक सञ्जालबाट सार्वजनिक हुन थालेका हुन्।

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, २३ साउन

शुक्रबार साँझ प्रधानमन्त्री बालेन्द्र शाहले फेसबुकमा लेखे, 'केही समय लाग्छ, सही समय आउनलाई। ढिला होला, तर गलत हुँदैन। नआत्तिनुहोस्।'

यसको पृष्ठभूमिमा थियो प्रतिनिधिसभामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)कै सांसदहरूले सरकारका कामकारबाहीमाथि उठाएको प्रश्न। रास्वपाका सांसदहरूले बजारमा देखिएको एलपी ग्यासको अभावदेखि सरकारको कार्यसम्पादनसम्मका विषयमा प्रश्न गरेका थिए।

सत्तारूढ दलका सांसदले सरकारलाई खबरदारी गर्नु अस्वाभाविक थिएन। बरु संसदमा प्रश्न उठ्नु लोकतान्त्रिक व्यवस्थाको सामान्य अभ्यास हो भनेर प्रधानमन्त्रीले संवादको आह्वान गर्न सक्दथे। तर फेसबुकमा लेखे, 'सुनेको र देखेकोभन्दा वास्तविकता कहिलेकाहीँ फरक हुन सक्छ कहिलेकाहीँ एक्लै लड्नुपर्छ। यो पहिलो चोटि होइन।'

सत्तारुढ दलले गरेको प्रश्नलाई आफ्नो घेराबन्दीको रूपमा लिएर उनले एक्लै लड्नुपर्छ भनेपछि यो विषय बहसमा आयो। बहस प्रत्यक्ष भेटेर होइन। सामाजिक सञ्जालमा चलिरहेको छ। त्यो पनि सत्तारुढ दलकै नेताहरू संवाद छाडेर सञ्जालमा दोहोरी खेलिरहेका छन्।

रास्वपाका नेता मनीष झाले प्रधानमन्त्री बालेनलाई फेसबुकबाटै सरकारमा कोही एक्लै नभएको जवाफ दिए।

'परिवर्तनका लागि यो महान् जनादेश पाएको सरकारमा कोही एक्लो छैन। हामी सबै साथमा छौं,' उनले फेसबुकमै लेखेका छन्, 'हिजो सदनमा भनेको भैं, नियत र आशयमा शंका छैन तर सुधार गर्नैं पर्ने केही पक्ष छन्।'

उनले संसदमा अवसर खेर नजाओस भनेर सचेत गराइएको पनि प्रधानमन्त्री बालेनलाई स्मरण गराएका छन्। अर्थात्, सरकारमा समस्या आउनु अस्वाभाविक होइन। सरकारमाथि प्रश्न उठ्नु पनि अस्वाभाविक होइन। तर प्रश्न उठेपछि त्यसको जवाफ कहाँ खोजिन्छ भन्ने कुराले शासनशैलीको चरित्र देखाउँछ।

रास्वपा नेतृत्वको सरकार अहिले यही प्रश्नको घेरामा छ। समस्या समाधानका लागि प्रत्यक्ष भेटेर संवाद गर्नुको साटो रास्वपाभित्रको असन्तुष्टि, प्रधानमन्त्रीको प्रतिक्रिया र पार्टीका नेताहरूको प्रतिवाद सामाजिक सञ्जालबाट सार्वजनिक हुन थालेका हुन्।

प्रधानमन्त्रीले नै राजनीतिक प्रतिक्रिया संसद, संसदीय दल वा पार्टीको बैठकमा नभएर फेसबुक स्टाटसबाट आफ्ना कुरा राखेपछि रास्वपाका नेताहरूले तर त्यसको जवाफ पनि सामाजिक सञ्जालबाटै दिएका हुन्।

यसक्रममा सार्वजनिक कार्यक्रममा समेत यो विषय उठ्न थालेको छ। रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले भैरहवामा पुगेर अझ फराकिलो सन्देश दिन खोजेका छन्। उनले देश एक्लैले नबन्ने बताएका हुन्।

उनले भनेका छन्, 'देश एक्लैले बन्दैन, २७५ जना सांसदले पनि बन्दैन। देश बनाउन सबैको साथ र समन्वय चाहिन्छ।'

अर्थात्, सरकारको कार्यशैली र जनताले भोगिरहेका सास्तीको विषय बारेको बहस सरकारभित्र सीमित नरहेर सामाजिक सञ्जाल र सार्वजनिक कार्यक्रममा व्यक्त हुन थालेको हो। ग्यास अभावको विषयमा उठेको प्रश्नको जवाफमा प्रधानमन्त्री शाहले अन्य उद्योगको उपलब्धि देखाएका छन्।

बजारमा एलपी ग्यासको अभावको प्रश्न उठिरहेको छ। उपभोक्ताले ग्यास पाउन कठिनाइ व्यहोर्नुपरेको विषय संसद्मा पनि उठेको छ। तर प्रधानमन्त्री शाहले त्यसको प्रत्यक्ष जवाफ दिनुको सट्टा सरकार गठनपछि सुधारको दिशामा अघि बढेका सरकारी उद्योग तथा संस्थानको फेहरिस्त पृष्ठ २ मा

सुनेको र देखेकोभन्दा वास्तविकता कहिलेकाहीँ फरक हुन सक्छ कहिलेकाहीँ एक्लै लड्नुपर्छ। यो पहिलो चोटि होइन।

बालेन्द्र शाह
प्रधानमन्त्री



परिवर्तनका लागि महान् जनादेश पाएको सरकारमा कोही एक्लो छैन। हामी सबै साथमा छौं

मनीष झा
सांसद, रास्वपा

देश एक्लैले बन्दैन, २७५ जना सांसदले पनि बन्दैन। देश बनाउन सबैको साथ र समन्वय चाहिन्छ।

विपिनकुमार आचार्य
महामन्त्री, रास्वपा

कहिलेकाहीँ बादलका टुक्रामा जहाज छिर्दा जहाज हल्लिन्छ। यस्तोमा लौ जहाज दुर्घटनामा पर्ने भयो कि भनेर डर मान्नुपर्दैन।

रवि लामिछाने
सभापति, रास्वपा

फेरिँदै ५२ वर्ष पुरानो सडक ऐन

जथाभाबी रोड खन्न रोक

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २३ साउन

५२ वर्ष पुरानो सडक ऐन फेरिँदैछ। वि.सं. २०३१ सालमा बनेको ऐनले संघीयता र आधुनिक विकासको आवश्यकतालाई सम्बोधन गर्न नसकेको ठहर गर्दै सरकारले नयाँ ऐन ल्याउँदैछ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ५२ वर्ष पुरानो ऐन फेर्नेगरी नयाँ सडक विधेयक ल्याएको छ। पूर्वाधार विकास मन्त्रालयले तयार पारेको 'सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३'को मस्यौदा तयार पारेर अगाडि बढाएको हो। २०३१ सालमा बनेको सार्वजनिक सडकसम्बन्धी कानुन त्यतिबेलाको राज्य संरचना, जनसंख्या, यातायातको अवस्था र विकासको आवश्यकतालाई केन्द्रमा राखेर बनाइएको थियो।

त्यसयता नेपालमा ठुलो राजनीतिक र प्रशासनिक परिवर्तन भइसकेको छ। संघीय शासन प्रणाली लागू भएको छ। तीन तहका सरकार बनेका छन्। सवारीसाधनको संख्या पनि उल्लेख्य रूपमा बढेको छ। नयाँ राजमार्ग, द्रुतमार्ग, सुरुङमार्ग तथा ठुला पूर्वाधार आयोजना निर्माण भइरहेका छन्।

तर, सडकसम्बन्धी मूल कानुनी संरचना भने लामो समयसम्म पुरानै ऐनमा आधारित रहँदै आएको छ। यस पृष्ठभूमिमा सरकारले नयाँ विधेयक प्रस्ताव गरेको हो।

प्रस्तावित विधेयकमा सडक कहाँसम्म रहने, कसले बनाउने, कसले मर्मत गर्ने, सडक छेउमा कति दूरीमा संरचना बनाउन पाइने, सडक अतिक्रमण गरे के हुने र कुन सडक संघ, प्रदेश वा स्थानीय तहको हुने भन्ने विषयलाई कानुनमै पृष्ठ २ मा

प्रस्तावित विधेयक संसद्बाट जस्ताको तस्तै पारित भए सडक निर्माण र विस्तार मात्रै होइन, सडक आसपासको जग्गा उपयोग, सडक सीमा निर्धारण, सडकको वर्गीकरण, तीन तहका सरकारबीचको जिम्मेवारी, निर्माणको मापदण्ड तथा सडक अतिक्रमणमा हुने दण्ड/सजाय समेत कडिकडाउ हुनेछ।

'एक्सप्रेस वे'को सीमा १०० मिटर

नयाँ विधेयकमा सडकको 'राइट अफ वे' अर्थात् सडक सीमालाई पनि स्पष्ट पार्न खोजिएको छ। प्रस्तावित व्यवस्थाअनुसार संघीय सडकअन्तर्गत पर्ने द्रुतमार्गको सडक सीमा केन्द्र रेखाबाट दायाँ-बायाँ ५०-५० मिटर, अर्थात् कुल १०० मिटर हुनेछ। राष्ट्रिय राजमार्गका लागि केन्द्र रेखाबाट दायाँ-बायाँ २५-२५ मिटर गरी कुल ५० मिटर सडक सीमा प्रस्ताव गरिएको छ।

सडक विस्तारका क्रममा वर्षौंदेखि देखिँदै आएको जग्गा विवादलाई व्यवस्थित गर्ने उद्देश्यले सडक सीमा र त्यसबाहिर निर्माण गर्न पाइने संरचनाबीचको दूरी अर्थात् पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

श्रमिक नउडाउने निर्णय कार्यान्वयन गर्न घटक संस्थासँग छलफल गर्दै संघ

मध्यान्ह संवाददाता
काठमाडौं, २३ साउन

आगामी भदौ १ गतेदेखि वैदेशिक रोजगारीमा श्रमिक उडाउन रोक्ने निर्णय गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आइतबार घटक संस्थाहरूसँग छलफल गरी व्यवसायीको प्रतिबद्धता लिने भएको छ। संघले आफ्नो आन्दोलनका विषयमा नेपाल उद्योग वाणिज्य महासंघसँग पनि छलफल गर्ने तयारी गरेको छ।

शुक्रबार पत्रकार सम्मेलनमार्फत संघले नीतिगत सुधार गर्न नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने भन्दै भदौ १ गतेदेखि श्रमिक नउडाउने निर्णय गरिएको सार्वजनिक गरेको थियो। शुक्रबार मध्यरातिदेखि शून्य समय मानेर वैदेशिक रोजगारीमा श्रमिक पठाउन सबै प्रकारका श्रम स्वीकृति नलिने निर्णय गरेको संघले श्रमिक नपठाउन प्रतिबद्धता गरेका म्यानपावर कम्पनीको छानबिन गरी प्रतिबद्धता नपठाएका व्यवसायीलाई प्रतिबद्धता पठाउन पत्र काट्ने गृहकार्य गरिरहेको महासचिव हिरा बहादुर डाँगी (हरि)ले मध्यान्ह दैनिकलाई जानकारी दिए। संघको आह्वानमा पृष्ठ २ मा

DUBAI मा सेक्युरिटी गार्डको आवश्यकता

कम्पनी: BLUE DIAMOND SECURITY SERVICES LLC
शहर: DUBAI, UAE
पूर्व स्वीकृत मिति: २०८३/०४/१५
चलानी नं.: ६०२५४०४५
LT. No.: 345824
पुन: विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब नेरु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guards	25	0	स. कामना दक्ष	1200	४५,६८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन २५, २६ र २७ गते (10, 11, 12 August 2026) मा हुनेछ।
सामान्य अंग्रेजी बोलचाल र लेखपढ गर्न सक्ने भई उमेर २१ देखि ४० वर्षबीचको हुनु पर्नेछ।
Basic Sallary बाहेक सेक्युरिटी अलाउन्स र ओभरटाईम समेत AED 1800 ग्यारेन्टी गरिने छ।
छनौट भएको २ देखि ३ हप्ता भित्र भिषा पाइने

स्वदेशमा गर्ने मेडिकलको शुल्क व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने स्याई जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिसुचीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

वैदेशिक रोजगार विनामाग्ट मरदूतको उजाकारी :- १. आफ्नो नामना भिसा छाप भईसके निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला। ३. आफ्नु काम गर्ने कम्पनी यहाँ लेखिएको भन्दा बढी रकम कहिल्यै नतिर्नुहोला। ४. विदेश जाने अघि अनिवार्यरुपमा एक हप्ताको तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जाने अघि आफ्नो जग्गा जमिन मुलुक, काम दिने कम्पनी, पाउने तलब लगायत महत्वपूर्ण कुराहरु राम्रोसँग बुझ्नु होला। ६. कामना विदेश जाँदा नेपालमै विनामाग्ने प्रयोग गर्नु होला। ७. कामना विदेश जाँदा आफ्नो परिवारलाई केहिदिन रोजगार विभाग, गाह्रोबाला सम्पर्क गर्नु होला।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो, सुजनटोलसँगै काठमाडौं
Phone - 014982296 | 9801175502, 9801012690, 9801051244, 9801175503,9801175510

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

अशक्त नागरिकलाई घरमै नागरिकता

बझाङ/मस-सदरमुकामसम्म पुगेर नागरिकता बनाउन नसक्ने अशक्त, ज्येष्ठ नागरिक तथा ओछ्यान परेका नागरिकलाई जिल्ला प्रशासन कार्यालय बझाङले घरमै पुगेर नागरिकता र राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन थालेको छ ।

भौगोलिक विकटताका कारण सरकारी सेवा लिन सदरमुकाम पुग्न कठिन हुने नागरिकलाई लक्षित गर्दै प्रशासनले बिदाको दिनसमेत टोली परिचालन गरेर घरमै सेवा दिन थालेको हो ।

छविसपाथिभेरा गाउँपालिका-१ का १८ वर्षीय देवीचन्द्र जैसी यसको उदाहरण हुन् । बाल्यकालमै आमाबुबाको स्नेह गुमाएका उनका बुबा विशु जैसी लामो समय भारतमा मजदुरी गरेर ५१ वर्षको उमेरमा गाउँ फर्किएका थिए । ५५ वर्षको उमेरमा जन्मिएका देवीचन्द्र माध्यमिक तहमा अध्ययनरत रहँदा पक्षघातबाट प्रभावित भए । अहिले उनी दुवै खुट्टा चलाउन नसक्ने अवस्थामा पूर्ण रूपमा ओछ्यानमा छन् ।

वृद्ध भइसकेका बुबा-आमाको सामाजिक सुरक्षा भत्ताकै भरमा परिवारको गुजारा चलिरहेको अवस्थामा देवीचन्द्रलाई नागरिकता बनाउन सदरमुकाम लैजान परिवारका लागि निकै कठिन थियो । उनको अवस्थाबारे जानकारी पाएपछि जिल्ला प्रशासन कार्यालय बझाङको टोली गत मंसिरमा शनिबार सार्वजनिक बिदाको दिन घरमै पुग्यो ।

सहायक प्रमुख जिल्ला अधिकारी सत्यकुमारी जोशीको नेतृत्वमा पुगेको टोलीले बायोमेट्रिक उपकरणसहित आवश्यक प्रक्रिया घरमै पूरा गरी देवीचन्द्रलाई नागरिकता तथा राष्ट्रिय परिचयपत्र उपलब्ध गरायो । टोलीले परिवारलाई राहत सामग्रीसमेत हस्तान्तरण गरेको थियो । नागरिकता प्राप्त भएपछि देवीचन्द्रलाई अपाङ्गता परिचयपत्र तथा सामाजिक सुरक्षा भत्ताको प्रक्रियामा लैजान बाटो खुलेको परिवारले जनाएको छ ।

त्यस्तै, छविसपाथिभेरा गाउँपालिका-७ खोरी गाउँका १८ वर्षीय दर्शन बोहराले पनि घरमै नागरिकता पाएका छन्। जन्मजात शारीरिक रूपमा पूर्ण अशक्त दर्शन बोल्न, हिँड्न तथा आफैँ बस्नसमेत सक्दैनन् । उपचारका लागि परिवारले विभिन्न अस्पताल र चिकित्सक कहाँ पुऱ्याए पनि उनको अवस्थामा सुधार आउन सकेन । नागरिकता बनाउन सदरमुकाम चैनपुर लैजान सम्भव नभएपछि प्रशासनको टोली उनको घरमै पुग्यो । टोलीले ओछ्यानमै रहेका दर्शनको आवश्यक प्रक्रिया पूरा गरी नागरिकता र राष्ट्रिय परिचयपत्र उपलब्ध गरायो ।

दर्शनका बुबा कृष्णबहादुर बोहराले छोरालाई डोकोमा वा बोकेर सदरमुकाम पुऱ्याएर नागरिकता बनाउने अवस्था नरहेको बताए । प्रशासन घरमै आएर नागरिकता उपलब्ध गराएपछि छोरालाई सामाजिक सुरक्षा भत्ताको प्रक्रियामा लैजान सहज भएको उनको भनाइ छ। प्रशासनले युवा तथा अशक्त व्यक्तिमा मात्र नभई ज्येष्ठ नागरिकलाई समेत घरमै पुगेर सेवा दिइरहेको छ । दुर्गाथली गाउँपालिका-२ की ७३ वर्षीया पम्मादेवी भण्डारीलाई पनि प्रशासनको टोलीले घरमै पुगेर नागरिकता तथा राष्ट्रिय परिचयपत्र उपलब्ध गराएको छ । पम्मादेवी विगत चार वर्षदेखि पक्षघातका कारण ओछ्यानमै छिन् । हिँड्डुल गर्न नसक्ने भएकाले सदरमुकाम पुगेर सेवा लिन असम्भव रहेको अवस्थामा प्रशासनको टोली घरमै पुगेपछि उनले आफ्नै आँगनबाट नागरिकता प्राप्त गरिन्।

बझाङको दुर्गम भौगोलिक अवस्थाका कारण गाउँबाट सदरमुकाम चैनपुर पुग्न कतिपय नागरिकले दिनभर पैदल यात्रा गर्नुपर्ने वा महँगो यातायात खर्च बेहोर्नुपर्ने अवस्था छ । यस्तो परिस्थितिमा पूर्ण अशक्त, ओछ्यान परेका तथा ज्येष्ठ नागरिकका लागि सरकारी सेवा लिन झनै कठिन हुने गरेको छ ।

यही समस्यालाई ध्यानमा राखेर प्रशासनले 'नागरिक कार्यालयमा आउने' परम्परागत शैलीभन्दा 'नागरिक भएको ठाउँमा प्रशासन पुग्ने' अवधारणालाई प्राथमिकता दिएको सहायक प्रमुख जिल्ला अधिकारी जोशीले बताइन्। उनका अनुसार राज्यबाट प्राप्त हुने आधारभूत सेवा, सामाजिक सुरक्षा तथा नागरिक अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले घरदैलो सेवा अभियानलाई निरन्तरता दिइएको हो ।

बझाङ प्रशासनको यो अभियानले नागरिकता र राष्ट्रिय परिचयपत्रजस्तो आधारभूत सरकारी पहिचानबाट समेत वञ्चित हुनुपर्ने अवस्थाका अशक्त तथा ज्येष्ठ नागरिकलाई प्रत्यक्ष राहत पुऱ्याएको छ ।

निराशा होइन, आशा र परिणाममुखी राजनीतिबाट मात्र समृद्ध नेपाल सम्भव : सुहाङ नेम्वाङ

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, २३ साउन

नेकपा एमालेका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य सुहाङ नेम्वाङले समस्या लुकाएर होइन, यथार्थ स्वीकार गर्दै प्रभावकारी कार्यान्वयन, आत्मसमीक्षा, नैतिक नेतृत्व र जनउत्तरदायी राजनीतिबाट मात्र समृद्ध नेपाल निर्माण सम्भव हुने बताएका छन् ।

प्रवासी नेपाली मञ्च कतारको आठौं राष्ट्रिय अधिवेशनको उद्घाटन समारोहलाई शुक्रबार दोहाको वेस्ट बेस्थित सेन्ट्रा हलमा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै उनले निराशा फैलाएर होइन, जनतामा आशा जगाउने, सपना देखाउने र त्यसलाई व्यवहारमा कार्यान्वयन गर्ने नेतृत्वको आवश्यकता रहेको बताए ।

नेपालमा अधिकांश क्षेत्रमा कानुन, नीति तथा संस्थागत संरचना निर्माण भइसके पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा नागरिकले अपेक्षित सेवा-सुविधा प्राप्त गर्न नसकेको उनको भनाइ थियो । कृषि, श्रम, वैदेशिक रोजगार, हुन्डी तथा सम्पत्ति शुद्धीकरण (मनी लन्ड्रिङ) लगायतका क्षेत्रमा कानुनी व्यवस्था रहे पनि कार्यान्वयन कमजोर भएकाले समस्या दोहोरिइरहेको उनले बताए ।

कतारमा कार्यरत नेपालीहरूले उठाएका मोबाइल, सुन, भन्सार तथा अन्य व्यवहारिक समस्याप्रति आफू गम्भीर रहेको उल्लेख गर्दै उनले समयानुकूल कानुन र नीतिमा सुधारका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने प्रतिबद्धता जनाए । कानुनको उद्देश्य अवैध कारोबार नियन्त्रण गर्नु भए पनि त्यसको असर इमानदार नागरिकमाथि परेको स्वीकार गर्दै उनले कानुनी व्यवस्थालाई व्यवहारिक बनाउनुपर्ने आवश्यकता औंल्याए ।

नेम्वाङले लोकतन्त्रको आधार फरक विचारको सम्मान भएको उल्लेख गर्दै व्यक्तिपूजाको संस्कृति अन्त्य गर्नुपर्ने र असहमतिलाई व्यक्तिगत वैमनस्यका रूपमा लिन नहुने बताए । आत्मसमीक्षा र आत्मालोचनाबाट नेतृत्वको उचाइ घट्ने नभई जनविश्वास बढ्ने उल्लेख गर्दै उनले जनताको विश्वास पुनः जित्न व्यवहार, नैतिकता र जनउत्तरदायित्वमा सुधार आवश्यक रहेको धारणा राखे ।

कम्युनिस्ट शक्तिको मत घट्दैमा विचारधारा समाप्त नहुने उल्लेख गर्दै उनले समाजमा असमानता, शोषण र सामाजिक न्यायको आवश्यकता रहुञ्जेल वामपन्थी विचार सान्दर्भिक रहने बताए । तर जनभावनाअनुसार काम गर्दै आफ्ना कमजोरीको समीक्षा गर्नुपर्नेमा उनले जोड दिए ।

विशेषगरी ३५ वर्षमुनिका युवामा राजनीतिक दलप्रतिको विश्वास घट्दै गएको अवस्थालाई गम्भीर रूपमा लिनुपर्ने बताउँदै उनले युवाले भाषणभन्दा परिणाम, नैतिकता र व्यवहारलाई बढी मूल्याङ्कन गर्ने भएकाले नेतृत्वले कामबाट विश्वास जित्नुपर्ने धारणा व्यक्त गरे ।

नेतृत्व छनोटमा शैक्षिक योग्यता, अनुभव र क्षमतासँगै इमानदारी, निष्ठा, नैतिकता तथा जनभावना बुझ्ने क्षमतालाई आधार बनाउनुपर्ने उनले बताए । युवाको ऊर्जा र अग्रज पुस्ताको अनुभव राष्ट्र निर्माणका दुई महत्वपूर्ण आधार भएको उल्लेख गर्दै दुवै पुस्तावीचको सहकार्य अपरिहार्य रहेको उनको भनाइ थियो ।

नेम्वाङले संविधान निर्माण, शान्ति प्रक्रिया तथा पूर्वाधार विकासका क्षेत्रमा नेपालले उल्लेखनीय उपलब्धि हासिल गरे पनि अझै धेरै काम गर्न बाँकी रहेको बताए । सामाजिक सञ्जालमा हुने गालीगलौज, व्यक्तिगत आक्रमण तथा संगठनभित्रका असहमतिलाई सार्वजनिक गर्ने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै उनले मतभेदलाई संवाद र छलफलमार्फत समाधान गर्नुपर्नेमा जोड दिए। साथै, पार्टीगत स्वार्थभन्दा माथि उठेर देश र जनताको हितलाई केन्द्रमा राख्न सबैलाई आग्रह गरे ।

उद्घाटन समारोह मञ्चका अध्यक्ष चुनामणि कार्कीको अध्यक्षता तथा सुहाङ नेम्वाङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा कतारस्थित विभिन्न नेपाली सामाजिक संस्थाका प्रतिनिधि, प्रवासी समुदायका अगुवा, सामाजिक व्यक्तित्व तथा शुभेच्छुकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरूले अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्दै सुहाङ नेम्वाङजस्ता युवा नेताहरूको उदयले नेपाली राजनीतिमा नयाँ ऊर्जा र सकारात्मक नेतृत्व विकासको सम्भावना बढाएको बताए । वक्ताहरूले खाडीमा कार्यरत नेपाली श्रमिकहरूले भोग्दै आएका विभिन्न समस्याप्रति सरकारको ध्यानाकर्षण गराउँदै नेपालका विमानस्थलमा हुने विभेदपूर्ण व्यवहार, विदेशबाट व्यक्तिगत प्रयोजनका लागि ल्याइने दुईवटा मोबाइल फोन (आईफोन) समेत ल्याउन नपाउने व्यवस्था, अध्यागमन प्रक्रियाका झन्झट तथा श्रमिकसँग प्रत्यक्ष सरोकार राख्ने अन्य व्यवहारिक समस्याको समाधान गर्न माग गरेका थिए ।

अधिवेशनको उद्घाटन सत्रमा मञ्चका प्रथम उपाध्यक्ष अफसर अलीले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सञ्चालन सचिव शेषराज तिमिल्सिनाले गरेका थिए । समारोहमा विभिन्न कलाकारहरूले सांगीतिक प्रस्तुति दिएर कार्यक्रमलाई थप आकर्षक बनाएका थिए ।

अधिवेशनको बन्द सत्रबाट अफसर अलि खान (मोरङ)को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ । कार्यसमितिको उपाध्यक्षमा शेषराज तिमिल्सिना (पर्वत), सचिवमा रघुनाथ (पर्वत), उपसचिवमा नीराजन गौतम (बागलुङ) तथा सदस्यमा निरन नेपाल (सङ्खुवासभा), गोपाल खतिवडा (सुनसरी), सुदर्शन भण्डारी (नुवाकोट), प्रेम कुमार बस्नेत (सुनसरी), सुदीप भित्रीकोटी (मोरङ), डोलेन्द्र बि.क. (झापा), तैकिर आलम (महोत्तरी), मो. असलम साफी (धनुषा), श्यामप्रसाद पाण्डे (पर्वत), लोकेन्द्र सिग्देल (स्याङ्जा), भेष गुरुङ (कास्की), संजोक गौतम (स्याङ्जा), आनन्द जिसी (पर्वत) र समुन्द्र खड्का (प्युठान) चयन भएका छन् ।

माग पूरा नभए अनिश्चितकालीन सत्याग्रहको चेतावनी

भक्तपुर/मस-भक्तपुरको मनहरा क्षेत्रमा वैकल्पिक व्यवस्थापनविना हटाइएका सुकुम्वासी बस्तीका प्रभावित परिवारले तत्काल पुनर्स्थापनाको माग गर्दै कोणसभा गरेका छन् । संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा नेपाल, काठमाडौं उपत्यका विशेष समितिको आयोजनामा बस्तीमा डोजर चलाइएको करिब चार महिनापछि प्रभावितहरूले विरोध कार्यक्रम गरेका हुन् ।

मोर्चाले प्रभावित परिवारको तत्काल व्यवस्थापन गर्न सरकारसँग माग गर्दै भदौ १२ गतेसम्म माग सम्बोधन नभए अनिश्चितकालीन शान्तिपूर्ण सत्याग्रह सुरु गर्ने चेतावनी दिएको छ ।

'आवास अधिकार, भूस्वामित्व र सामाजिक न्यायका लागि' भन्दै मोर्चाले सरकारसमक्ष तीन मुख्य माग अघि सारेको छ । विस्थापित परिवारलाई भूस्वामित्वसहित स्थायी पुनर्स्थापना गर्नुपर्ने, घरटहरा तथा सामान भत्काउँदा भएको क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिनुपर्ने तथा प्रभावित परिवारसँग तत्काल संवाद गरी समयसीमासहितको पुनर्स्थापना योजना सार्वजनिक गर्नुपर्ने मोर्चाको माग राखेको छ ।

नेताहरू...

झकझक्याएको छ । साइबर हिंसा तथा अपराध र अपराधजन्य घटनाले भयावह रूप लिन थालेको नेपाल प्रहरीलगायत सरोकारवालाहरूको तथ्यांकले समेत देखाएको छ । नेपाल प्रहरीले पछिल्ला तीन आर्थिक वर्षको अपराधसम्बन्धी तथ्यांकले गम्भीर तथा जघन्य अपराधमध्ये जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध, चोरीसँगै साइबर अपराधका घटना बढ्दो क्रममा रहेको जनाएको छ । पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोग गरेर हुने अपराधलाई शान्ति सुरक्षाको मुख्य चुनौतीका रूपमा प्रहरीले पहिचान गरेको हो ।

नेपाल प्रहरीका नायब महानिरीक्षक एवं प्रवक्ता अविनारायण काफ्लेले सामाजिक सञ्जालमार्फत प्रवाह हुने गलत सूचना (मिसइन्फर्मेसन) र भ्रामक सूचना (डिसइन्फर्मेसन) का कारण साम्प्रदायिक, जातीय र धार्मिक सद्भाव खलबलिने जोखिम बढेको बताए । विशेष १० प्रकारका प्रमुख अपराधहरूको विश्लेषण गर्दा साइबरसँग सम्बन्धित 'स्क्यामिङ' का घटनाहरू बढी देखिएको प्रवक्ता काफ्लेको भनाइ छ ।

प्रहरीको तथ्यांकअनुसार २०८०/८१ मा २५५ वटा साइबर अपराधका मुद्दा दर्ता भएका थिए । २०८१/८२ मा बढेर २९९ पुगेका थिए । पछिल्लो आर्थिक वर्ष २०८२/८३ मा साइबर अपराधसम्बन्धी मुद्दाको संख्या ४०९ वटा दर्ता भएका छन् ।

प्रहरीको कारबाही प्रक्रियामा रहेका साइबर अपराधका दर्तावाला मुद्दा कम देखिए पनि वार्षिक करिब २० हजार साइबर बुलिङका घटना प्रहरीमा दर्ता हुने गरेका छन् ।

अघिल्लो आर्थिक वर्ष २०८१-०८२ मा १८ हजार ९ सय २६ हिंसाका घटना प्रहरीमा दर्ता भएको महिला कानुन र विकास मञ्चका कार्यकारी निर्देशकसमेत रहेका अधिवक्ता सविन श्रेष्ठले बताए । त्यसमध्ये १७ हजार अर्थात् ८५ प्रतिशतभन्दा बढी काठमाडौंमा दर्ता भएका छन् ।

छ योजना, छैन कानुन

साइबर बुलिङसँग सम्बन्धित घटनामध्ये २ सय १८ अर्थात् १ दशमलव ५ प्रतिशत मात्र मुद्दा चलेको छ । यस्तो तथ्यांक सुनाउँदै अधिवक्ता श्रेष्ठले डिजिटल हिंसा तथा अपराध घटाउन बलियो कानुनको आवश्यकता रहेको बताए ।

'कानुन अभावले पीडितले न्याय पाउन सकेका छैनन्,' उनले भने ।

पछिल्लो आर्थिक वर्षमा यो संख्या अझै बढेर २० हजार माथि पुगेको प्रहरी अधिकारीहरू बताउँछन् । यस विषयमा राष्ट्रियसभामा संकल्प प्रस्ताव नै दर्ता भएको छ । डिजिटल हिंसा न्यूनीकरण गर्न उक्त संकल्प प्रस्तावलाई प्रस्थानविन्दुका रूपमा अघि बढाइएको संकल्प प्रस्तावकी प्रस्तावक राष्ट्रियसभा सदस्य रेणुचन्दले बताइन् । चन्दले असार १७ गते सर्वसम्मत पारित संकल्प प्रस्ताव दर्ता गराएकी थिइन् । संकल्प प्रस्तावमा पदमबहादुर परियार र रोशनी मेचे समर्थक रहेका छन् ।

डिजिटल हिंसामा सबैभन्दा धेरै महिला र बालबालिका पीडित हुनुपरेको सांसद परियारले बताए ।

'पछिल्लो समय डिजिटल हिंसाको संख्या बढ्दो छ, संसद्ले कानुन निर्माण गर्न सकेको छैन, राज्यसँग पीडितलाई सम्बोधन गर्ने संयन्त्रको अभाव भएकाले हामीले संकल्प प्रस्ताव अघि सारेका हौं,' परियारले भने ।

आवश्यक कानुन नहुँदा नेपाल प्रहरीको विशेष योजना कार्यान्वयनमा अलमल छ । तथापि, आफूहरू लागिरहेको सम्बन्धित अधिकारीहरू बताउँछन् ।

साइबर सुरक्षा चुनौतीहरूलाई चिर्दै सम्भावित अपराध न्यूनीकरण गर्न नेपाल प्रहरी प्रधान कार्यालयले विशेष कार्ययोजना बनाएर कार्यान्वयन प्रक्रिया अघि बढाएको छ। अपराध रोकथामका लागि प्रहरी प्रशासन बेलैदेखि सचेत रहेको र कार्ययोजनाअनुसार नै अगाडि बढ्ने प्रहरी प्रवक्ता काफ्लेले बताए ।

'प्रहरीले साइबर अपराध र स्क्यामिङका घटनालाई न्यूनीकरण गर्न 'एन्टी साइबर स्क्याम सेन्टर' स्थापना गर्ने प्रस्ताव अघि बढाएको छ,' उनले भने ।

एन्टी साइबर स्क्याम सेन्टरमा नेपाल प्रहरीसहित नेपाल राष्ट्र बैंक, बैंकर्स संघ, नेपाल दूरसञ्चार प्राधिकरण र इन्टरनेट सेवा प्रदायकका प्रतिनिधि रहने व्यवस्था गरिएको छ । बढ्दो साइबर अपराधलाई दृष्टिगत गरी प्रहरी महानिरीक्षकले यस परियोजनालाई उच्च प्राथमिकतामा राखेको डीआईजी काफ्लेले बताए ।

'कुनै पनि गतिविधिलाई समयमै समन्वय र रोकथाम गर्न नसकिए त्यसले भयावह रूप लिन सक्छ भन्ने तथ्य हालैका केही घटनाले पुष्टि गरेका छन्,' प्रवक्ता काफ्लेले भने, 'सामाजिक सञ्जालको दुरुपयोगका कारण सिर्जित सुरक्षा चुनौतीलाई हामीले गम्भीरताका साथ लिएका छौं ।'

गलत सूचना, भ्रामक जानकारी र 'डिपफेक' का माध्यमबाट उत्पन्न हुन सक्ने साम्प्रदायिक तथा सुरक्षा चुनौतीलाई सम्बोधन गर्न सामाजिक सञ्जाल समन्वय डेस्कलाई प्रदेशस्तरसम्म विस्तार गर्ने प्रहरीको योजना छ । त्यस्तै, आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगमार्फत यस्ता गतिविधिलाई समयमै पहिचान गरी निरुत्साहित गरिने प्रहरीले जनाएको छ । अपराध अनुसन्धानलाई थप वस्तुनिष्ठ बनाउन सबै जिल्ला प्रहरी कार्यालयमा 'साइबर डेस्क' स्थापना गरिने भएको छ ।

साथै विधि विज्ञान प्रयोगशाला र डिजिटल फरेन्सिक ल्याबलाई प्रदेशस्तरमा विस्तार गरी दक्ष जनशक्ति परिचालन गरिने प्रहरीको भनाइ छ ।

'प्रहरीले फेसियल रिकग्निसन सिस्टम, कल इन्टरसेप्सन, ब्लकचेन एनालाइसिस टुल्स र क्राइम सिन स्क्यानर जस्ता अत्याधुनिक उपकरण खरिद गर्ने प्रक्रियासमेत अघि बढाएको छ,' प्रहरी प्रवक्ता काफ्लेले भने ।

संवाद...

सार्वजनिक गरेका हुन् । उनका अनुसार नेपाल औषधि लिमिटेड नाफामा गएको छ । हेटौंडा कपडा उद्योगमा परीक्षण उत्पादन सुरु भएको ट । नेपाल वायुसेवा निगमको आम्दानी बढेको छ । डीडीसीको किसान बक्यौता घटेको र सिंहदरबार वैद्यखानाको कारोबार बढेको विवरण प्रधानमन्त्री बालेनले सार्वजनिक गरेका छन् ।

सरकारले गरेका कामको जानकारी दिनु आफैंमा गलत होइन । सरकारका उपलब्धि जनतासम्म पुग्नैपर्छ । तर ग्यास अभाव भएको भनेर उठेको प्रश्नमा यसैसँग सम्बन्धित जवाफ आउँदा जनताले राहत पाउन सक्छन् ।

जनताले तत्काल भोगिरहेको समस्याको जवाफमा दीर्घकालीन सुधारका उपलब्धि सुनाउँदा सरकारको राजनीतिक सन्देश पनि जान्छ । यसो नगरी प्रधानमन्त्रीले नै सामाजिक सञ्जालबाट अन्य विषय राख्दै आफू एक्लै रहेको भन्ने सन्देश दिएपछि सामाजिक सञ्जालमा दोहोरी चलेको हो ।

तर, रास्वपा सभापति रवि लामिछानेले विवाद आउनु सामान्य भएको बताउँछन् ।

शनिबार साँझ काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले भनेका छन्, 'चिन्ता नगर्नुहोला, यो उडान जसलाई गन्तव्यमा लिएर हिँडेका छौं । कहिलेकाहीँ मौसमले गर्दा टर्बिलेन्स आउन सक्छ, तर हामी गन्तव्यमा सुरक्षित पुऱ्याउँछौं । हामी छौं ।'

अप्ठेरो पऱ्यो भने त्यसलाई सम्हाल्न सक्ने गार्जियनसिप पार्टीसँग रहेको भन्दै उनले भनेका छन्, 'यात्रामा हिंडिरहँदा बाटोमा कहिलेकाहीँ बादलका टुक्रामा जहाज छिर्दा जहाज हल्लिन्छ । तर जहाज हल्लियो भन्दैमा लौ जहाज दुर्घटनामा पर्ने भयो कि भनेर डर मान्नुपर्ने हुँदैन ।'

सही ढंगले असल नियतका साथ जहाजलाई गन्तव्यमा पुऱ्याउन उनको प्रतिबद्धता छ ।

फेरिँदै...

व्यवस्थित गर्ने सरकारको तयारी छ। प्रस्तावित विधेयक संघीय संसद्बाट पारित भएर ऐनमा रुपान्तरित भएसँगै जथाभावी रोड खन्न रोक लाग्नेछ । अनि सडक निर्माण र विस्तार मात्रै होइन, सडक आसपासको जग्गा उपयोग, सडक सीमा निर्धारण, सडकको वर्गीकरण, तीन तहका सरकारबीचको जिम्मेवारी, निर्माणको मापदण्ड तथा सडक अतिक्रमणमा हुने दण्ड-सजायसमेत कडिकडाउ हुनेछ ।

सरकारले नयाँ कानुनमार्फत सुरक्षित, स्तरीय र भरपर्दो सडक सञ्जाल निर्माण गरी आर्थिक समृद्धि र सामाजिक एकीकरणमा योगदान पुऱ्याउने लक्ष्य राखेको जनाएको छ ।

साथै, प्रस्तावित विधेयकको प्रमुख विशेषता सडकको संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहमा वर्गीकरण हो ।

मस्यौदाअनुसार संघीय सडक सञ्जाल, प्रादेशिक सडक सञ्जाल र स्थानीय सडक सञ्जाल रहनेछन् ।

संघीय सडक सञ्जालमा द्रुतमार्ग, राष्ट्रिय राजमार्ग र सामरिक महत्त्वका सडक पर्नेछन् । यस्ता सडकको निर्माण, विकास, मर्मत तथा व्यवस्थापनको प्रमुख जिम्मेवारी संघीय सरकारको हुनेछ ।

प्रदेशभित्रका प्रशासनिक केन्द्र, प्रमुख बजार, आर्थिक केन्द्र तथा पर्यटकीय स्थललाई जोड्ने सडक प्रादेशिक सडक सञ्जालमा रहनेछन्। त्यस्ता सडकको विकास र व्यवस्थापन प्रदेश सरकारको जिम्मेवारीमा रहनेछ ।

त्यसैगरी स्थानीय तहभित्रका सहरी सडक, ग्रामीण सडक तथा कृषि सडक स्थानीय सडक सञ्जालमा पर्नेछन् । यसले अहिलेसम्म देखिँदै आएको 'यो सडक कसको जिम्मेवारीमा पर्छ ?' भन्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्योल हटाउनेछ ।

विधेयकले सडकलाई सरकारको तहअनुसार मात्रै होइन, त्यसको उपयोग, ट्राफिक चाप र प्राविधिक आवश्यकताका आधारमा पनि वर्गीकरण गर्न सकिने व्यवस्था गरेको छ । मन्त्रालयले आवश्यकताअनुसार सडकको फड्सनल तथा टेक्निकल क्लासिफिकेसन गर्न सक्ने प्रस्ताव गरिएको छ ।

श्रमिक...

हालसम्म ७ सय म्यानपावर कम्पनीले श्रमिक नउडाउने र श्रम स्वीकृति नलिने प्रतिबद्धता जनाएका छन् । प्रतिबद्धता जनाउनेमा श्रमिक भर्ना प्रक्रियाको सम्पूर्ण लागत रोजगारदाताले व्यहोर्ने 'इम्प्लोइमेन्ट पे मोडल' अर्थात् नैतिक भर्ना प्रणालीअन्तर्गत श्रमिक पठाउने म्यानपावर कम्पनी सञ्चालकहरू पनि छन् ।

नैतिक भर्ना प्रणालीबाट श्रमिक पठाउने केही व्यवसायीले संघले पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेका १५ बुँदे मागमा इम्प्लोइमेन्ट पे मोडलअन्तर्गत श्रमिक पठाउने विषय नरहेकाले शून्य लागतमा श्रमिक पठाउने म्यानपावर कम्पनीहरूले संघको नेतृत्वमा हुने कार्यक्रममा पूर्णरूपमा ऐक्यबद्धता जनाउँदै भर्ना, छनोट र उडान प्रक्रिया भने रोक्नुनपर्ने माग गरेका छन् ।

महासचिव डाँगीले भने सम्पूर्ण वैदेशिक रोजगार क्षेत्र सुधारका लागि आन्दोलन भएकाले सबै प्रक्रियाबाट श्रमिक पठाउने प्रक्रिया रोकिएको र कसैलाई पनि भर्ना तथा उडानका प्रक्रियामा अघि बढ्न छुट नरहेको बताए । उनले भने, 'सम्पूर्ण वैदेशिक रोजगार क्षेत्र सुधारका लागि यो कठिनाइ उठाउने निर्णय भएको हो, कसैले पनि श्रम स्वीकृति लिने काम गर्नुहुन्न ।'

संघले आन्दोलन अघि बढाउन प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतको संयोजकत्वमा संघर्ष समिति गठन गरेको छ। संघर्ष समितिका संयोजक बस्नेतका अनुसार प्रधानमन्त्रीका साथै मन्त्रालयमा ज्ञापनपत्र बुझाउने, वार्ता तथा संवाद गर्ने, वैदेशिक रोजगार विभागमा शान्तिपूर्ण उपस्थिति जनाउने, कालोपट्टी बाँध्ने, व्यवसायीले गलत नगरेको विषयमा विभागले गरेको कारबाही फिर्ता लिन दबाब दिने, कार्यालयका तालाचाबी र लाइसेन्सको प्रमाणित प्रतिलिपि विभागलाई बुझाउने कार्यक्रम तय गरिएको छ ।

यस विषयमा आइतबार घटक संस्थाहरूसँगको छलफलपछि जिम्मेवारी बाँडफाँट गरेर थप स्पष्टताका साथ अघि बढ्ने महासचिव डाँगीले जानकारी दिए ।

संघले साउन २२ सम्म श्रम स्वीकृति लिएका श्रमिक भदौ १ गतेसम्ममा उडाइसक्नुपर्ने बताएको छ। विभिन्न १५ बुँदे माग अघि सारेको संघले नीतिगत सुधारबिना वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित, सम्मानित, पारदर्शी र दिगो बनाउन सम्भव नभएको भन्दै विशेष परिस्थितिमा सरकारको निर्णय मान्दा विभिन्न मितिमा ५ सय ९८, ३९ र १ सय २४ इजाजतपत्रवाला संस्थालाई वैदेशिक रोजगार विभागले गरेको कारबाही अविलम्ब फिर्ता गर्नुपर्ने माग गरेको छ ।

त्यस्तै, सेवाशुल्क परिमार्जन र हवाई भाडामा भ्याट छुटका मुख्य मागमा सरकारले ठोस काम गर्नुपर्ने अडान संघले राखेको छ ।

एक्सप्रेस...

'सेटब्याक'लाई समेत कानुनी रूपमा व्यवस्थित गर्न खोजिएको छ ।

यसले सडकको क्षेत्रमा पर्ने जग्गा र संरचनाको उपयोगमा स्पष्टता ल्याउने सरकारको अपेक्षा छ ।

यसैगरी, हालसम्म सडक निर्माणलाई प्राथमिकता दिने तर सडकको संरक्षण, अतिक्रमण नियन्त्रण र भविष्यको विस्तारका लागि आवश्यक क्षेत्र सुरक्षित राख्ने विषय कमजोर रहेको भन्दै नयाँ विधेयकले सडक संरक्षणलाई पनि कानुनको महत्वपूर्ण विषय बनाएको छ । सडक सीमा मिचेर संरचना निर्माण गर्ने, सडकको प्रयोगमा अवरोध पुऱ्याउने वा सडक संरचनामा क्षति पुऱ्याउने कार्यलाई नियन्त्रण गर्न विधेयकले दण्ड तथा सजायका व्यवस्था प्रस्ताव गरेको छ ।

सडकको क्षेत्रमा पर्ने जग्गाको अनधिकृत प्रयोग, सडक संरचनामा क्षति तथा स्वीकृत मापदण्डविपरीत निर्माणलाई नियन्त्रण गर्ने गरी कानुनी व्यवस्था कडा बनाइएको छ ।

यसैगरी, नेपालमा सडक विस्तारका क्रममा सबैभन्दा जटिल विषय जग्गा प्राप्ति र मुआब्जा हुँदै आएको छ ।

सडक विस्तारको सूचना निस्किएपछि सडक छेउमा संरचना थप्ने, जग्गाको मूल्य बढाउने तथा मुआब्जा दाबी गर्ने प्रवृत्तिले आयोजना महँगो र ढिलो हुने गरेको छ ।

प्रस्तावित विधेयकले सडक सीमा निर्धारण र त्यसको संरक्षणलाई कानुनी रूपमा बलियो बनाउने भएकाले सडक आयोजना अघि बढाउँदा सडक क्षेत्रको व्यवस्थापन तुलनात्मक रूपमा सहज हुने अपेक्षा गरिएको छ ।

ग्यास अभाव हटाउन 'क्विक रेस्पोन्स टिम' सक्रिय

आयात बढाउने निगमको तयारी

काठमाडौं/मस– काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा खाना पकाउने ग्यासको बिक्री वितरणमा देखिएको समस्या तत्काल समाधान गर्न सरकारले उद्योग तथा डिपोको अनुगमनमलाई तीव्र बनाएको छ।

साविकभन्दा बढी परिमाणमा ग्यास आयात भइरहेको नेपाल आयल निगमको दाबीबीच सहजै ग्यास नपाएको भन्ने सर्वसाधारणको गुनासो शीघ्र सम्बोधन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारीले शनिबार काठमाडौंमा रहेका ग्यास उद्योग र डिपोको अनुगमन गरिन्।

मन्त्री यादवले बालाजुस्थित नेपाल ग्यास उद्योग पुगेर ग्यासको आयात, बोटलिङ र बिक्री वितरणको तथ्यांकबारे जानकारी लिइन्। उद्योगको निरीक्षणपछि उनी निगमको टेकुस्थित कार्यालय पसिरसरमा रहेको डिपोमा पुगेर अनुगमन गरेको मन्त्री यादवको स्वकीय सचिवालयले जनाएको छ। त्यस क्रममा उद्योग मन्त्रीले विद्यार्थी, मजदुर तथा अप्ठ्यारामा परेका नागरिकलाई प्राथमिकता दिएर ग्यास

बिक्री गर्न निर्देशन दिएकी थिइन्। ग्यास अभाव देखिएपछि निगमको निर्देशनमा यही साउन १६ गतेदेखि नेपाल, एचपी, एभरेष्ट, सुगम र श्रीराम ग्यास उद्योगले टेकुवाट ग्यासको बिक्री वितरण गरिरहेका छन्। उपभोक्ताको गुनासो सम्बोधन गर्न निगमले 'क्विक रेन्पोन्स टिम' गठन गरेर ग्यासको बिक्री वितरणलाई सहज बनाइरहेको छ। उपत्यकामा मात्रै एक दिनमा करिब ४० हजार सिलिन्डर ग्यास बिक्री भइरहेको निगमले जनाएको छ। निगमको एलपी ग्यास विभागका निर्देशक विनितमणि उपाध्यायले ग्यासको आयात नियमित भइरहेको जनाउँदै आगामी दिनमा आयातको परिणाम वृद्धि गर्ने प्रयास भइरहेको बताए।

एक सिलिन्डर ग्यासलाई ७ हजारमा बेच्ने पक्राउ

भक्तपुरमा खाना पकाउने एलपी ग्याँसको कालोबजारी गरेको आरोपमा प्रहरीले एक जना किराना पसल सञ्चालकलाई पक्राउ गरेको छ। चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोट बारुदखाना चोकस्थित 'त्वयना किराना पसल' सञ्चालन गर्दै आएका ५७ वर्षीय तुलसीराम त्वयनालाई प्रहरीले नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी परिसर भक्तपुरका अनुसार त्वयनाले उपभोक्तालाई प्रतिसिलिन्डर सात हजारको दरले एलपी ग्याँस बिक्री-वितरण गरिरहेको भन्ने सूचनाका आधारमा प्रहरी टोली खटिएको थियो। शनिवार प्रहरीले उक्त पसलमा चेकजाँच तथा अनुगमन गर्दा कालोबजारी भइरहेको पुष्टि भएको हो। प्रहरीले पसलबाट ३ थान ग्याँस सिलिन्डर बरामद गर्नुका साथै पसल सञ्चालक त्वयनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको छ।

चन्द्रपुरका मेयर काफ्लेमाथि खाता रोक्नेदेखि विकास अवरुद्ध पारेकोसम्मका आरोप

मनोजकुमार साह/मध्यान्ह
रौतहट, २३ साउन

चन्द्रपुर नगरपालिकामा राजनीतिक र प्रशासनिक नेतृत्वबीचको टकराव सतहमा आएको छ। नगर प्रमुख सञ्जयकुमार काफ्ले, कार्यपालिका सदस्य तथा भौतिक पूर्वाधार समिति संयोजक कल्याण राज कुश्वार र केही जनप्रतिनिधिको भूमिकालाई लिएर नगरभित्र विवाद चर्किदै गएको छ। नगरपालिकाको बजेट कार्यान्वयन, बैंक खाता सञ्चालन, विकास निर्माणका भुक्तानी र प्रशासनिक कामकारवाही प्रभावित भएको भन्दै जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

वडाध्यक्ष राउत, कार्यपालिका सदस्य कुश्वारको भूमिकामाथि प्रश्न उठ्न थालेपछि नगरभित्रको विवाद थप पेचिलो बनेको हो।

यी दुई जनाको कारण पनि नगरपालिकामा आन्तरिक द्वन्द्व झन् चर्किएको स्रोतको दाबी छ। नगरपालिकाभित्रको विवाद अहिले यति बढेको छ कि आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन नै प्रभावित हुने अवस्था देखिएको स्रोतहरूको दाबी छ। नगरसभाबाट बजेट पारित भएको लामो समय बितिसक्दा पनि आवश्यक प्रशासनिक प्रक्रिया पूरा हुन नसक्दा विकास निर्माणका काम, सेवा प्रवाह र भुक्तानी प्रक्रिया अवरुद्ध बनेको आरोप लगाइएको छ। नगरपालिकाका एक कार्यपालिका सदस्यका अनुसार साउन ७ गते सम्पन्न नगरसभापछि आवश्यक निर्णयहरू कार्यान्वयन गर्नुपर्नेमा नगर प्रमुखले सम्बन्धित कागजात र निर्णय प्रक्रियालाई नियन्त्रणमा राखेर बैंक खाता सञ्चालनमा ढिलाइ गराइरहेका छन्।

'नगरसभा सम्पन्न भइसकेपछि खाता सञ्चालन गरेर बजेट कार्यान्वयन सुरु हुनुपर्थ्यो,' ती सदस्यले भने, 'तर विभिन्न बहानामा प्रक्रिया रोकिँदा विकास निर्माण, स्वास्थ्य, शिक्षा र विपद् व्यवस्थापनका कार्यक्रम नै प्रभावित भएका छन्।'

गत आर्थिक वर्षमा सम्पन्न भएका दर्जनौं योजना तथा ठेक्का सम्झौताअन्तर्गतका कामको भुक्तानी अझै हुन नसकेको गुनासो उपभोक्ता समिति र निर्माण व्यवसायीले गरेका छन्। नगरपालिकाका एक कर्मचारीका अनुसार काम सम्पन्न भएर प्राविधिक प्रतिवेदन र आवश्यक कागजात तयार भइसकेका धेरै योजनाको भुक्तानी हुन सकेको छैन। यसले उपभोक्ता समिति र निर्माण व्यवसायीलाई आर्थिक संकटमा पारेको छ।

नगरपालिकामा विपद् व्यवस्थापन, मानव स्वास्थ्य तथा पशु स्वास्थ्यसँग सम्बन्धित अत्यावश्यक कार्यक्रम सञ्चालनमा समेत अवरोध सिर्जना भएको आरोप छ।

वर्षायाममा बाढी, डुबान तथा अन्य विपद्को जोखिम बढिरहेका बेला आवश्यक निर्णय र खर्च स्वीकृतिमा ढिलाइ हुँदा स्थानीय तहको तयारी कमजोर बनेको कर्मचारीहरूको भनाइ छ। नगरपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरूले पछिल्ला महिनामा काम गर्ने वातावरण खस्किएको बताएका छन्। कर्मचारी स्रोतका अनुसार नगर प्रमुखले विभिन्न शाखामा आफूनिकट व्यक्तिहरूलाई पठाएर कर्मचारीमाथि दबाब सिर्जना गर्ने, काममा अनावश्यक हस्तक्षेप गर्ने तथा मानसिक तनाव दिने गरेको आरोप छ। कर्मचारीहरूले जिन्सी शाखा प्रमुख मिश्रीलाल साह, लेखा प्रमुख अर्पणा देवकोटा, इन्जिनियर भरत श्रीवास्तव, प्रशासन शाखा प्रमुख उमा गैरापिप्ली र शिक्षा शाखा प्रमुख दीपेन्द्र मण्डल लगायतका कर्मचारीमाथि पनि विभिन्न प्रकारका दबाब परेको दाबी गरेका छन्।

नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत बद्रीराज ढकाललाई लिएर पनि विवाद देखिएको छ। स्रोतहरूका अनुसार ढकालले वित्तीय अनुशासन, राजस्व व्यवस्थापन र खर्च नियन्त्रणमा कडाइ गरेपछि नगर प्रमुखसँग सम्बन्ध चिसिएको हो।

एक वडाध्यक्षले नाम नबताउने सर्तमा भने, 'पहिले विभिन्न शीर्षकमा हुने खर्चमा नियन्त्रण आएको छ।

राजस्व व्यवस्थापन व्यवस्थित भएको छ। त्यसैले अहिलेको प्रशासनिक नेतृत्वप्रति असन्तुष्टि देखिएको हो।' ती वडाध्यक्षका अनुसार हालका प्रमुख प्रशासकीय अधिकृत कायम रहेसम्म नगरपालिकाका स्रोत-साधनको प्रयोगमा विगतजस्तो स्वेच्छाचारी निर्णय गर्न कठिन भएको महसुस गर्दै नगर प्रमुखले आफ्नो अनुकूलको प्रमुख प्रशासकीय अधिकृत ल्याउन विभिन्न तहमा पहल गरिरहेको चर्चा नगरपालिकाभित्र छ।

नगरपालिकाको आम्दानीको प्रमुख स्रोत मानिने हाटबजार, नुनथर, निकासी कर तथा अन्य राजस्व क्षेत्रलाई लिएर पनि विवाद चर्किएको छ। स्रोतहरूका अनुसार विगतमा केही राजस्व स्रोत अमानतमा सञ्चालन हुने गरेकोमा हाल ती स्रोतहरू ठेक्का प्रक्रियामार्फत व्यवस्थापन गर्न थालिएको छ।

चार्जिङ स्टेशन सञ्चालनसम्बन्धी विषयमा समेत लामो समयसम्म अवरोध भएको आरोप लगाइएको छ।

नगरपालिकाका कर्मचारी र केही जनप्रतिनिधिको दाबी अनुसार प्रमुख प्रशासकीय अधिकृत ढकाल आएपछि सेवा प्रवाहमा सुधार देखिएको थियो।

वडा कार्यालय र नगरपालिकामा नागरिकले सेवा लिन सहज भएको, इन्धन लगायतका स्रोतको दुरुपयोगमा नियन्त्रण आएको तथा प्रशासनिक अनुशासन बढेको उनीहरूको भनाइ छ। 'पहिलेको तुलनामा अहिले कार्यालयको काम छिटो र व्यवस्थित हुन थालेको थियो,'एक कर्मचारीले भने, 'तर राजनीतिक-प्रशासनिक द्वन्द्वले त्यो वातावरण फेरि प्रभावित हुन थालेको छ।'

नगरपालिकाभित्रको यो विवाद अब केवल व्यक्ति-व्यक्तिबीचको असहमति मात्र नभइ सुशासन, पारदर्शिता र स्थानीय सरकारको प्रभावकारितासँग जोडिएको विषय बनेको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ।

वडा नं. १ का अध्यक्ष तथा सामाजिक विकास समिति संयोजक बलराम राउत, कार्यपालिका सदस्य तथा भौतिक पूर्वाधार समिति संयोजक कल्याण राज कुश्वार र नगर प्रमुख सञ्जयकुमार काफ्लेलाई लिएर उठेका आरोप-प्रत्यारोपले स्थानीय राजनीति थप तरंगित बनेको छ।

दारिमबोटमा 'चौलागाईं ऐतिहासिक स्मृति केन्द्र' बनाउने तयारी

काठमाडौं/मस– वर्षौंसम्म गरिएको खोज, वंशावली अध्ययन, स्थानीय परम्परा, स्थलगत अनुसन्धान र उपलब्ध ऐतिहासिक प्रमाणहरूको अध्ययनपछि चौलागाईं समुदायले आफ्नो पुर्ख्यौली इतिहाससँग जोडिएको दारिमबोटलाई संस्थागत रूपमा संरक्षण गर्ने पहल अघि बढाएको छ। चौलागाईं प्रतिष्ठान, केन्द्रीय कार्यसमितिले चौलागाईं समुदायका मूल पुर्खा शिव शर्मासँग ऐतिहासिक रूपमा जोडिएको दारिमबोटको आवश्यक जग्गा प्रतिष्ठानको नाममा खरिद गर्ने निर्णय गरेको हो।

प्रतिष्ठानले जग्गा खरिदपछि उक्त क्षेत्रमा भविष्यमा 'चौलागाईं ऐतिहासिक स्मृति केन्द्र' स्थापना गर्ने लक्ष्यसमेत अघि सारेको छ।

प्रतिष्ठानको केन्द्रीय कार्यालय सिनामंगलमा बसेको केन्द्रीय कार्यसमितिको बैठकले जग्गा खरिद गर्ने निर्णय गरेको हो। बैठक प्रतिष्ठानका केन्द्रीय कार्यसमिति अध्यक्ष देवेन्द्र चौलागाईंको अध्यक्षतामा बसेको थियो। बैठकमा उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष, सचिव तथा केन्द्रीय सदस्यहरूको उपस्थिति थियो। पूर्वअध्यक्ष डा. रमेश

चौलागाईंले समेत बैठकमा विभिन्न विषयमा सुझाव तथा राय प्रस्तुत गरेका थिए।

चौलागाईं समुदायको पुर्ख्यौली इतिहास कहाँबाट सुरु हुन्छ भन्ने प्रश्नमा लामो समयदेखि विभिन्न तहमा खोज तथा अध्ययन हुँदै आएको प्रतिष्ठानले जनाएको छ। प्रतिष्ठानका अनुसार वंशावली, प्रकाशित ऐतिहासिक सामग्री, स्थानीयस्तरमा प्रचलित मौखिक इतिहास तथा परम्परा, स्थलगत अध्ययन, विभिन्न प्रतिवेदन र उपलब्ध ऐतिहासिक प्रमाणहरूलाई आधार बनाएर गरिएको अध्ययनबाट दारिमबोट चौलागाईं समुदायको पुर्ख्यौली इतिहाससँग जोडिएको महत्वपूर्ण स्थल भएको निष्कर्षमा पुगिएको हो।

यस क्रममा कालिकोट जिल्ला कार्यसमितिबाट प्राप्त प्रतिवेदनलाई समेत अध्ययनको एउटा आधारका रूपमा लिइएको प्रतिष्ठानले जनाएको छ। उपलब्ध सामग्री र प्रमाणहरूको समग्र अध्ययनपछि प्रतिष्ठानले चौलागाईं समुदायका मूल पुर्खाका रूपमा शिव शर्मालाई पहिचान गरेको जनाएको छ। स्थानीय बोलीचालीमा उनलाई 'स्यु शर्मा' वा 'सिउ शर्मा' भनेर चिनिने गरेको समेत प्रतिष्ठानको अध्ययनमा उल्लेख छ।

प्रतिष्ठानको निष्कर्षअनुसार शिव शर्माको जन्म तथा बसोबाससँग सम्बन्धित दारिमबोट केवल एउटा स्थान होइन, भारद्वाज गोत्रीय चौलागाईंहरूको ऐतिहासिक स्मृति र पुर्खासँग जोडिएको महत्वपूर्ण थलो हो।

प्रतिष्ठानले दारिमबोटको जग्गा खरिद गर्ने निर्णयलाई सामान्य जग्गा खरिदका रूपमा नहेर्न आग्रह गरेको छ। प्रतिष्ठानको भनाइमा यो निर्णयसँग जोडिएको मूल प्रश्न जमिनको स्वामित्वभन्दा इतिहासको संरक्षण हो।

प्रतिष्ठानका अनुसार पुर्खासँग जोडिएको भूमिलाई संरक्षण गर्न नसकिए समयक्रमसँगै त्यससँग जोडिएका ऐतिहासिक स्मृति, मौखिक इतिहास र सांस्कृतिक पहिचान कमजोर हुन सक्ने भएकाले संस्थागत रूपमा भूमि संरक्षणको निर्णय गरिएको हो।

दारिमबोटको जग्गा खरिदपछि त्यसलाई व्यक्तिगत वा पारिवारिक स्वार्थमा प्रयोग गर्ने नभई प्रतिष्ठानको संस्थागत स्वामित्वमा राख्ने उद्देश्य रहेको जनाइएको छ।

प्रतिष्ठानले यसलाई सम्पूर्ण चौलागाईं समुदायको साझा ऐतिहासिक सम्पत्तिका रूपमा संरक्षण गर्ने योजना बनाएको छ।

यद्यपि तत्कालको निर्णय जग्गा खरिदमा मात्र सीमित रहेको प्रतिष्ठानले स्पष्ट पारेको छ। जग्गा खरिद प्रक्रिया सम्पन्न भएपछि त्यसको संरक्षण, उपयोग, अभिलेखीकरण तथा सम्भावित संरचना निर्माणका विषयमा सम्बन्धित निकाय र चौलागाईं समुदायसँग थप छलफल गरिनेछ।

भविष्यमा त्यहाँ 'चौलागाईं ऐतिहासिक स्मृति केन्द्र' निर्माण गरी वंशावली, ऐतिहासिक दस्तावेज, पुराना सामग्री, पुर्खासँग सम्बन्धित तथ्य तथा समुदायको इतिहासलाई अभिलेखका रूपमा सुरक्षित गर्ने अवधारणा अघि सारिएको छ।

देश-विदेशका चौलागाईंलाई सहयोगको अपिल

जग्गा खरिदका लागि आवश्यक रकम जुटाउन प्रतिष्ठानले नेपाल तथा विदेशमा रहेका सम्पूर्ण चौलागाईं बन्धु-बान्धवलाई आफ्नो क्षमता र इच्छाअनुसार सहयोग गर्न अपिल गरेको छ। सहयोगका लागि नबिल बैंकको नयाँ बानेश्वर शाखामा चौलागाईं एकेडेमीको नाममा रहेको खाता नम्बर ३१०१०१७५००७५९ मा रकम जम्मा गर्न सकिन्छ। प्रतिष्ठानले आर्थिक सहयोग संकलन तथा जग्गा खरिद प्रक्रियालाई पारदर्शी, संस्थागत र व्यवस्थित ढंगबाट अघि बढाउने जनाएको छ।

गौरमा निःशुल्क एन्टी-रेबिज खोप शिविर सञ्चालन

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २३ साउन

रौतहटको सदरमुकाम गौरमा कुकुरबाट सर्न सक्ने घातक रेबिज रोगको रोकथाम तथा नियन्त्रणका लागि शनिबार बिहानदेखि निःशुल्क एन्टी-रेबिज खोप शिविर सञ्चालन गरिएको छ। समुदायमा छाडा तथा घरपालुवा कुकुरको टोकाइबाट हुन सक्ने रेबिजको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले उक्त खोप शिविर आयोजना गरिएको हो।

सामाजिक अभियन्ता सन्तोष पौडेलको व्यक्तिगत प्रायोजन तथा डा. सुभाष एनिमल हस्पिटल एन्ड रिसर्च सेन्टर प्रा.लि., गौर, रौतहटको प्राविधिक सहयोग एवं सहकार्यमा सो शिविर सञ्चालनमा ल्याइएको हो। शिविरमा स्थानीयवासीलाई आफ्ना घरपालुवा कुकुर ल्याएर निःशुल्क एन्टी-रेबिज खोप लगाउन आह्वान गरिएको छ भने छाडा कुकुरलाई समेत प्राथमिकताका साथ खोप दिने व्यवस्था मिलाइएको छ।

रेबिज रोगको जोखिमबाट बच्न पूर्वसावधानी र समयमै खोपको पहुँच अपरिहार्य हुने कुरालाई मध्यनजर गर्दै शिविर आयोजना गरिएको आयोजकले जनाएको छ। समाजमा अझै पनि कुकुर वा अन्य जनावरले टोकेपछि लापरबाही गर्ने र

समयमा खोप नलगाउने परिपाटी रहेकाले जनचेतना फैलाउनु यस कार्यक्रमको मुख्य ध्येय रहेको आयोजकको भनाइ छ।

कार्यक्रमबारे जानकारी दिँदै प्रायोजक तथा सामाजिक अभियन्ता सन्तोष पौडेलले समाजमा व्याप्त स्वास्थ्य जोखिम न्यूनीकरण गर्न सामाजिक दायित्वअन्तर्गत यो कदम चालिएको बताए। 'रेबिजजस्तो शतप्रतिशत घातक तर खोपबाट शतप्रतिशत रोकथाम गर्न सकिने रोगबारे समुदायस्तरमा अझै पर्याप्त सचेतना पुग्न सकेको छैन,' उनले भने, 'यस्ता शिविरले पशु स्वास्थ्यको रक्षा गर्नुका साथै मानव जीवनलाई सम्भावित जोखिमबाट जोगाउन प्रत्यक्ष योगदान पुऱ्याउँछ।'

शिविर सञ्चालनमा प्राविधिक सहयोग पुऱ्याइरहेको डा. सुभाष एनिमल हस्पिटल एन्ड रिसर्च सेन्टरका पशु चिकित्सक तथा प्रतिनिधिहरूले रेबिज रोग र यसबाट बच्ने उपायबारे सर्वसाधारणलाई जानकारी गराएका थिए। चिकित्सकहरूका अनुसार कुकुर, बिरालो वा अन्य शंकास्पद जनावरको टोकाइ, चिथोराइ वा सम्पर्कपछि घाउलाई तुरुन्तै सफा पानी र साबुनले कम्तीमा १५ मिनेटसम्म धुनुपर्छ र ढिला नगरी नजिकैको स्वास्थ्य संस्थामा गई एन्टी-रेबिज खोप लगाउनुपर्छ।

स्वास्थ्य विशेषज्ञहरूका अनुसार रेबिज भाइरसको संक्रमण भएर एकपटक लक्षण देखिइसकेपछि यसको कुनै अचुक उपचार सम्भव हुँदैन र बिरामीको मृत्यु निश्चितप्रायः हुन्छ। त्यसैले जनावरको टोकाइपछि लक्षण पर्खेर नबसी तुरुन्तै चिकित्सकीय परामर्श र खोप लिनु नै सुरक्षित उपाय हो।

आयोजक टोली तथा डा.सुभाष एनिमल हस्पिटलले सम्पूर्ण गौरवासी तथा आसपासका नागरिकलाई रेबिजको जोखिमबाट बच्न आफ्ना घरपालुवा जनावरलाई नियमित रूपमा एन्टी-रेबिज खोप लगाउन र जनावरको टोकाइ वा शंकास्पद सम्पर्कपछि आवश्यक स्वास्थ्य सावधानी अपनाउन पुनः विशेष आग्रह गरेका छन्।

कुवेतमा राजदूत लम्सालसहित १०२ नेपालीले गरे रक्तदान

कुवेत/मस–कुवेत नेपाल पत्रकार महासंघ, कुवेतको १७औं स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्सालसहित १०२ नेपालीले रक्तदान गरेका छन्। कुवेतस्थित सेन्ट्रल ब्लड बैंक जाब्रियामा शनिबार सम्पन्न रक्तदान कार्यक्रममा राजदूत लम्सालसहित अन्य नेपाली श्रमिकले रक्तदान गरेका हुन्।

अल मुजैनी एक्सचेन्जको प्रायोजनमा सम्पन्न उक्त रक्तदान कार्यक्रममा करिब १०२ नेपालीले रक्तदान गरेको नेपाल पत्रकार महासंघ कुवेत शाखाका अध्यक्ष राजमल्ल ठकुरीले बताए। कतिपय नेपाली रक्तदानका लागि ब्लड बैंक पुगे पनि स्वास्थ्य परीक्षणमा फिट नहुँदा फर्किनुपरेको उनले बताए।

महासंघले यसअघि पनि पहिलो रक्तदान कार्यक्रम सम्पन्न गरिसकेको छ।

महासंघको स्थापना दिवसकै अवसरमा माधव शाही स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो। सो पुरस्कारबाट निरेम प्रोडक्सनका अध्यक्ष तथा पत्रकार महासंघ वैदेशिक शाखाका सदस्य प्रेमकुमार जिमी सम्मानित भएका छन्। उनलाई नगद ७५ केडीसहित सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको हो।

नेपाल पत्रकार महासंघ कुवेतले विगत चार वर्षदेखि हरेक वर्ष एक जना क्रियाशील पत्रकारलाई उक्त पुरस्कारबाट सम्मान गर्दै आएको छ। पत्रकार महासंघ वैदेशिक शाखा कुवेतका पूर्वउपाध्यक्षसमेत रहेका शाहीको पाँच वर्षअघि हृदयाघातका कारण असामयिक निधन भएको थियो।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

साइबर कानुन चाहियो

सामाजिक सञ्जाल मानिसको दैनिकी बनिसकेको छ । सूचना, विचार र अभिव्यक्ति आदानप्रदानको सबैभन्दा सहज माध्यम बनेको यही सामाजिक सञ्जालका कारण कैयनले तनाव पनि व्यहोरिरहेका छन् । राजनीतिक दलका नेता र प्रतिष्ठित व्यक्तित्वहरू समेत गालीगलौज, धम्की, चरित्रहत्या, अफवाह र साइबर बुलिङको सिकार भएका छन् । प्रविधिको विस्तारसँगै साइबर अपराधका स्वरूप फेरिँदै छन्, तर यसलाई नियन्त्रण गर्ने गरी कानुन बन्न सकेको छैन । परिणाममा सांसदहरूले संसद्मै आफू सामाजिक सञ्जालमार्फत ह्यारेस्मेन्ट र धम्कीको सिकार भएको बताउन थालेका छन् । उनीहरू सार्वजनिक व्यक्ति भएकाले त्यस्ता घटना चर्चामा आउँछन् । तर सामान्य नागरिक, महिला, बालबालिका तथा सीमान्तकृत समुदायमाथि हुने डिजिटल हिंसाको अवस्था बाहिर नआउन पनि सक्छ ।

नेपाल प्रहरीमा दर्ता भएका साइबर अपराधका मुद्दाको संख्या हेर्दा साइबर बुलिङ बढ्दो छ । आर्थिक वर्ष २०८०/८१ मा २५५ वटा साइबर अपराधका मुद्दा दर्ता भएकामा २०८१/८२ मा २९९ र २०८२/८३ मा ४०९ पुगेका छन् । तर मुद्दाको संख्या र सामाजिक सञ्जालमा हुने डिजिटल हिंसाको वास्तविक आकार एउटै होइन । हजारौं घटना प्रहरीसम्म पुग्ने तर थोरै मात्र मुद्दाका रूपमा अघि बढ्ने अवस्था छ । यसले नेपालको कानुनी संरचनामै प्रश्न उठाउन थालेको छ । यस्तोमा सरकार कठोर बन्नुपर्ने हुन्छ । सामाजिक सञ्जालमा कसैलाई लगातार अपमानित गर्ने, धम्की दिने, झुटा सामग्री बनाएर चरित्रहत्या गर्ने, निजी सूचना वा तस्बिर दुरूपयोग गर्ने तथा धार्मिक, जातीय वा लैंगिक भावनालाई उक्साएर कुनै व्यक्तिमाथि संगठित हमला गर्ने प्रवृत्तिले व्यक्तिको मानसिक अवस्था मात्र होइन, सामाजिक सद्भाव र सार्वजनिक सुरक्षामै असर पार्न सक्छ । त्यसैले अब समयअनुकूल साइबर कानुन निर्माण गर्नु अपरिहार्य छ । तर यस्तो कानुन बनाउँदा एउटा कुरा स्पष्ट हुनुपर्छ, साइबर अपराध नियन्त्रणका नाममा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुनु हुँदैन । सरकारको आलोचना गर्नु, नेतामाथि प्रश्न उठाउनु वा कुनै सार्वजनिक नीतिको विरोध गर्नु साइबर अपराध होइन । आलोचना र अपराधबीचको सीमा कानुनले स्पष्ट पार्नुपर्छ । अनि, पीडितले सहज रूपमा उजुरी गर्न सक्ने व्यवस्था, डिजिटल प्रमाण सुरक्षित गर्ने प्रणाली, दक्ष अनुसन्धान जनशक्ति, डिजिटल फरेन्सिक क्षमता र शीघ्र न्यायको संयन्त्र पनि आवश्यक छ ।

नेपाल प्रहरीका अनुसार साइबर डेस्क विस्तार, डिजिटल फरेन्सिक क्षमता बढाउने र साइबर स्क्याम नियन्त्रणका लागि छुट्टै संयन्त्र बनाएका छन् । यो सकारात्मक कदम हो । तर प्रहरीको योजना र राज्यको कानुनी आधारबीच तालमेल नहुँदा अपेक्षित परिणाम आउन नसकेको हो । त्यसैले संसद्ले अब साइबर अपराधसम्बन्धी कानुनलाई समयअनुकूल बनाउनेतर्फ गम्भीर पहल गर्नुपर्छ । कानुनले अपराधीलाई दण्ड दिने मात्र होइन, पीडितलाई संरक्षण र नागरिकलाई डिजिटल अधिकारको प्रत्याभूति पनि दिनुपर्छ । ताकि, नेपाली समाजको सभ्यता डिजिटल संसारमा पनि देखियोस् । सामाजिक सञ्जालमा असहमति, आलोचना र बहस होस् । तर यसको नाममा अपमान, धम्की र हिंसा नहोस् ।

सपना 'निङवाफूङ्मा'को, यात्रा 'ताम्फूङ्ना'को

किरात-लिम्बू मुन्धुममा "निङवाफुङ्मा"ले ज्ञान र विवेक तथा "ताम्फुङ्ना"ले अज्ञानता र भ्रम दर्शाउँछ । गत निर्वाचनमा जनताले रास्वपामा "निङवाफुङ्मा"को उज्यालो सपना देखेका थिए । तर, सत्तामा पुगेपछि स्पष्ट वैचारिक स्पष्टताको अभाव, अहंकारी शैली र संस्थागत अपरिपक्वताले गर्दा सरकार "ताम्फुङ्ना"को दिशातिर मोडिएको भान हुन्छ । सुशासन, विधिको शासन र परिणाममुखी कामबाट मात्र जनविश्वास टिकिरहन सक्छ ।

अग्रलेख

● विदुर कटुवाल

नेपालको आफ्नै सभ्यताभित्र अर्गानिक किरात-लिम्बू मुन्धुम दर्शनमा दुईवटा अत्यन्त अर्थपूर्ण मिथकका शब्द छन्– 'निङवाफूङ्मा' र 'ताम्फूङ्ना' । मुन्धुम शास्त्रअनुसार 'निङवाफूङ्मा' ज्ञान, विवेक, चेतना र उज्यालोको प्रतीक हो । यसले मानिसलाई सही मार्ग देखाउँछ, अन्योलबाट स्पष्टतामा पुऱ्याउँछ र समाजलाई उन्नतिको दिशामा डोऱ्याउँछ । यसको विपरीतार्थक अर्को शब्द 'ताम्फूङ्ना' हो, जसले अज्ञानता, अहंकार, भ्रम र आत्मविनाशको अँध्यारो बाटो बुझाउँछ । यसले विवेकभन्दा आवेगलाई, सत्यभन्दा भ्रमलाई र दीर्घदृष्टिभन्दा क्षणिक उत्तेजनालाई दर्शाउँछ ।

गत निर्वाचनमा लाखौं नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा 'निङवाफूङ्मा' देखेका थिए । जनताले पुराना दलको वैचारिक जडता, भ्रष्टाचार, सत्ता-केन्द्रित राजनीति र प्रशासनिक असफलताको विकल्प खोजेका थिए । विशेष गरी युवापुस्ताले घण्टीमा केवल चुनाव चिन्ह होइन, नयाँ राजनीतिक संस्कृतिको सम्भावना देखेका थिए । उनीहरूको अपेक्षा थियो– राजनीतिमा नयाँ नैतिकता स्थापित हुनेछ, शासन पारदर्शी हुनेछ, सुशासन र लोकतन्त्रले फेरि जनविश्वास प्राप्त गर्नेछ, र देश एउटा 'निङवाफूङ्मा' को उज्यालो मार्गमा हिँड्नेछ ।

तर, हाल देश 'निङवाफूङ्मा'को मार्गमा हिँडेको आभास हुन छाडेको छ । रास्वपासहितको वर्तमान सरकार झट्ट हेर्दा 'तम्फूङ्ना' जस्तो बनेको देखिन्छ ।

यही सत्य हिन्दुशास्त्रको भष्मासुर कथासँग पनि मेल खान्छ । भष्मासुरले कठोर तपस्यापछि जसको शिरमा हात राख्यो उही खरानी हुने वरदान पाएको थियो । वरदान पाएपछि अहंकारी बनेर उसले वरदान दिने शिवजीलाई नै खरानी बनाउन लखेट्यो । अन्त्यमा चलाख भगवान् विष्णुले भष्मासुरलाई आफ्नै हात आफ्नै शिरमा राख्न लगाएर खरानी बनाइदिए । जनताको ठूलो मतको वरदान पाएको नेतृत्व अहिले त्यस्तै अहंकारी शैलीमा देखिन्छ । फरक यति हो, भष्मासुरले कठोर तपस्या गरेको थियो, रास्वपाले पुराना दलको चर्को विरोध गरेको थियो ।

राजनीतिमा यो कथा केवल धार्मिक आख्यान होइन, सत्ताको मनोविज्ञान हो । जनताले दिएको शक्ति जनताकै सेवाका लागि प्रयोग नभई आलोचना अस्वीकार गर्न, संस्थाभन्दा व्यक्तिलाई माथि राख्न वा लोकप्रियताको संरक्षणमा खर्चिन थालियो भने त्यो शक्ति अन्ततः आफ्नै अस्तित्वका लागि घातक बन्छ ।

नेपालका पुराना दलहरू आलोचनाभन्दा पर छैनन् । उनीहरूले जनताको अपेक्षाअनुसार सुशासन दिन सकेनन् । भ्रष्टाचार, गुटबन्दी, सत्ताकेन्द्रित राजनीति र नीतिगत अस्थिरताले उनीहरूको विश्वसनीयता कमजोर बनायो । तर उनीहरूको एउटा विशेषता स्पष्ट थियो– वैचारिक आधार पहिचान गर्न कठिन थिएन । नेपाली कांग्रेसले प्रजातान्त्रिक समाजवाद र पुँजीवादी अर्थ-राजनीतिक विचारधारा लिन्थ्यो भने एमाले तथा कम्युनिस्ट पार्टीहरू मार्क्सवादी समाजवादको वकालत गर्थे । उनीहरू कहाँ उभिएका छन् भन्नेमा अन्योल थिएन, मात्र सत्ता स्वार्थको अन्योल थियो ।

नेपालको राजनीतिक इतिहासमा हरेक ठूला परिवर्तन केवल शासन परिवर्तनको परिणाम थिएनन्, ती विचार परिवर्तनका पनि परिणाम थिए । २००७ साल, २०४६, जनयुद्ध र २०६२/६३ को जनआन्दोलन वा गणतन्त्र स्थापनासम्मको यात्रामा सबैका पछाडि कुनै न कुनै वैचारिक मार्गदर्शन, राजनीतिक लक्ष्य र सामाजिक रूपान्तरणको स्पष्ट दृष्टि थियो । विचारधाराले आन्दोलनलाई दिशा दियो, आन्दोलनले व्यवस्थालाई बदल्यो र व्यवस्थाले नयाँ राजनीतिक युगको सुरुआत गऱ्यो ।

तर पछिल्ला केही वर्षमा नेपाली राजनीतिमा एउटा नयाँ प्रवृत्ति देखा पऱ्यो । विचारधाराभन्दा व्यक्ति, दर्शनभन्दा व्यवस्थापन, सिद्धान्तभन्दा सुशासन, र संगठनभन्दा लोकप्रियता बढी आकर्षक बन्न थाल्यो । यही मनोविज्ञानको जगमा रास्वपाको उदय भयो । जनताले पुराना दलको विकल्प र परिणाम खोजिरहेका थिए । उनीहरूमा नयाँ अनुहार, नयाँ शैली र नयाँ संस्कृतिको अपेक्षा थियो ।

यही अपेक्षाको जगमा रास्वपाले अभूतपूर्व जनसमर्थन प्राप्त गऱ्यो । तर राजनीतिमा जनसमर्थन अन्तिम उपलब्धि होइन, वास्तविक परीक्षाको सुरुआत मात्र हो । सरकार बनाउनु एउटा सफलता हो, तर राज्य सञ्चालन गर्नु पूर्णतः फरक जिम्मेवारी हो । आन्दोलनको भाषा र शासनको भाषा एउटै हुँदैन । यही बिन्दुमा कुनै पनि वैकल्पिक राजनीतिक शक्तिको वास्तविक मूल्यांकन सुरु हुन्छ । वर्तमान सरकारप्रति जनताका अपेक्षा असाधारण छन् । पुरानो राजनीतिक संस्कृतिलाई चुनौती दिँदै परिवर्तनको आशा बोकेको नेतृत्व सत्तामा पुग्दा नयाँ शैलीको शासनको अपेक्षा स्वाभाविक हो । तर केही महिनाको अनुभवले स्पष्ट सन्देश दिएको छ– सरकारको मूल्यांकन घोषणा र लोकप्रियताले होइन, परिणामले हुन्छ ।

लोकतन्त्रमा निर्वाचनले सरकार गठन गराउँछ, तर जनविश्वास टिकाउने आधार संवाद, पारदर्शिता, विधिको शासन र संस्थागत उत्तरदायित्व हो । संकटका बेला नेतृत्वले जनतालाई आश्वस्त पार्नुपर्छ, संसद, राजनीतिक दल र सरोकारवालासँग निरन्तर संवाद गर्नुपर्छ । सामाजिक सञ्जालमार्फत एकतर्फी धारणा सार्वजनिक गर्नु वा आलोचनालाई असहजताका रूपमा लिनु लोकतान्त्रिक संस्कृतिसँग मेल खाँदैन । सरकार सञ्चालन आदेशको विषय होइन, सहमति र संस्थागत विधि-पद्धतिको प्रक्रिया हो ।

स्थानीय सरकार सञ्चालन र संघीय शासनबीच मौलिक भिन्नता हुन्छ । संघीय सरकार व्यक्तिगत इच्छाशक्तिले मात्र होइन, संविधान, कानुन, प्रशासनिक संयन्त्र र राजनीतिक सहमतिका आधारमा अघि बढ्छ । त्यसैले व्यक्तिकेन्द्रित शैलीभन्दा संस्थागत परिपक्वता र सामूहिक निर्णय प्रक्रिया बढी महत्त्वपूर्ण हुन्छ ।

अर्कोतर्फ, आर्थिक शिथिलता, सुस्त लगानी, बढ्दो बेरोजगारी, युवा पलायन र महँगीले जनताको दैनिकी झन् कठिन बनाइरहेका छन् । बजार व्यवस्थापन, शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा र सुशासनमा सुधारको प्रतिबद्धता व्यक्त गरिए पनि त्यसको प्रत्यक्ष अनुभूति जनताले गर्न सकेका छैनन् । प्रभावशाली अभिव्यक्ति र सामाजिक सञ्जालको सक्रियताले मात्र जनजीवन परिवर्तन गर्न सक्दैन; त्यसका लागि परिणाममुखी नीति र प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ ।

राष्ट्रिय हितसँग जोडिएका विषयमा सरकारका अभिव्यक्ति अत्यन्त जिम्मेवार हुनुपर्छ । परराष्ट्र नीति, संवेदनशील राष्ट्रिय मुद्दा र संवैधानिक संस्थासँगको सम्बन्धमा देखिने अपरिपक्वता वा असावधानीले सरकारको विश्वसनीयतामाथि प्रश्न उठाउँछ । लोकतन्त्रमा शासन व्यक्तिले होइन, संस्थाले चलाउँछ भन्ने सत्यलाई व्यवहारमा उतार्नु अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो ।

परिवर्तनको वास्तविक परीक्षा सत्ता प्राप्तिमा होइन, सत्ता प्रयोगको शैलीमा हुन्छ । जनमतले सरकार बनाउन सक्छ, तर जनविश्वासले मात्र सरकार टिकाउँछ । त्यो विश्वास संवाद, विधिको शासन, संस्थागत सहकार्य र नागरिकले अनुभूत गर्ने परिणामबाट निर्माण हुन्छ । लोकप्रियताको मनोविज्ञानबाट शासनको यथार्थमा रूपान्तरण हुन सके मात्र परिवर्तनको जनादेश सार्थक हुनेछ । अन्यथा, परिवर्तनको आशा बोकेको यात्रा पनि अन्ततः पुरानै राजनीतिक संस्कृतिको पुनरावृत्तिमा सीमित हुने जोखिम रहन्छ । अराजक शैलीले जतिनै शक्तिशाली शासक पनि लामो समय टिक्न सक्दैन । जनताले 'निङवाफूङ्मा' सम्झेर मत दिएका हुन्, भष्मासुरजस्तै अराजक बन्न वरदान दिएका होइनन् । समयमै नसच्चिए जनता आफैं विकल्पको खोजीमा निस्कने छन् ।

रास्वपाको कक्टेल विचारधारा

राजनीतिमा विचारधारा कुनै चुनावी नारा वा घोषणापत्रको औपचारिक अध्याय मात्र होइन, राज्य र समाजलाई कुन मूल्य, दर्शन र लक्ष्यका आधारमा अघि बढाउने भन्ने मार्गदर्शन हो । यसले सत्तामा पुगेपछि किन, कसका लागि र कसरी शासन गर्ने भन्ने नैतिक तथा नीतिगत आधार प्रदान गर्छ । विचारधारा स्पष्ट हुँदा राजनीति उत्तरदायी हुन्छ, अस्पष्ट हुँदा सत्ता नै उद्देश्य र सिद्धान्त केवल सजावटमा सीमित हुन्छ ।

नेपाली राजनीतिमा विचारभन्दा समीकरण, सिद्धान्तभन्दा सत्ता र नीतिभन्दा व्यक्तिको प्रभाव हाबी हुँदै गएको छ । विचारधाराविहीन राजनीति अन्ततः अवसरवादको अर्को नाम बन्न पुग्छ, जहाँ निर्णय राष्ट्रिय आवश्यकताले होइन, तत्कालीन सुविधाले निर्देशित गर्छ । लोकतन्त्रको वास्तविक शक्ति दलहरूको वैचारिक स्पष्टता, नीतिगत स्थिरता र सार्वजनिक उत्तरदायित्वमा निहित हुन्छ ।

नेपालमा पुँजीवाद र समाजवादका दुई प्रमुख विचारधारा प्रयोगमा थिए । कांग्रेसले खुला बजार र व्यक्तिगत स्वतन्त्रतामा आधारित उदारवाद/पुँजीवादको पक्ष लियो भने कम्युनिस्टहरूले मार्क्सवादी समाजवादको वकालत गरे । तर, सत्ता स्वार्थका लागि हुने गठबन्धनले दुवैको विचार धमिल्यायो र यही समस्याबाट रास्वपाको जन्म भयो ।

रास्वपालाई लामो समयसम्म 'वादविहीन' वा 'सिद्धान्तहीन' दलका रूपमा आलोचना गरियो । तर, महाधिवेशनमार्फत पार्टीले सामाजिक लोकतन्त्र, संवैधानिक समाजवाद र प्रगतिवादलाई मिलाएर आफ्नो वैचारिक आधार घोषणा गऱ्यो । यो मिश्रित वा मध्यपन्थी बाटो हो । यद्यपि, स्पष्ट वैचारिक 'वाद' नहुँदा राष्ट्रिय मुद्दामा असंगति देखिने, पपुलिजमतर्फ ढल्किने तथा लहरमा प्राप्त समर्थनलाई दीर्घकालीन संगठनमा रूपान्तरण गर्न नसक्ने जोखिम रहन्छ । यसै कक्टेल विचारधाराका कारण 'निङवाफुङ्मा'को यात्रा देखाउने रास्वपा 'ताम्फुङ्ना'को सडकमा पुगेको देखिन्छ ।

कोदोको लोकल रक्सीमा बियर मिसाएझैं दार्शनिक आधार र स्पष्ट उद्देश्यविनाको मिश्रणले मौलिकता भन्दा अन्योल सिर्जना गर्छ । राजनीतिमा वैचारिक संश्लेषण अध्ययन, आत्मसमीक्षा र नीतिगत निरन्तरतामा आधारित हुनुपर्छ, क्षणिक लोकप्रियतामा होइन ।

किरात-लिम्बू मुन्धुमको 'निङवाफूमा' ज्ञान र विवेकको प्रतीक हो भने 'ताम्फुङ्ना' वैचारिक अन्योल र आत्ममुग्धताको प्रतीक हो । रास्वपाको भविष्य पनि यही दुई मार्गबीचको छनोटमा निर्भर छ । यदि उसले जनविश्वासलाई संस्थागत सुधार, स्पष्ट नीति र परिणाममुखी शासनमा रूपान्तरण गर्न सक्यो भने दीर्घकालीन शक्ति बन्न सक्छ; अन्यथा यो आशा क्रमशः अन्योलमा बदलिन सक्छ । लोकतन्त्रलाई नयाँ अनुहारभन्दा बढी स्पष्ट विचारधारा, बलियो संस्था र नैतिक राजनीतिक नेतृत्वको आवश्यकता छ ।

वधशाला र जनस्वास्थ्य सरोकार

जनस्वास्थ्य

● डा. केदार कार्की

पशुको शारीरिक अवस्था, हिँडडुल, तापक्रम र रोगका लक्षण जाँचेर रोगी वा तनावमा रहेका पशुलाई बध गर्न नै रोक लगाउनु पर्छ

वधशालाहरू ती ठाउँ हुन् जहाँ मासुका लागि जनावर हरूको वध गरिन्छ। विशेष गरी विकासशील देशहरूमा फोहोर र कमजोर नियमनका कारण वधशालाहरूले मानव स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउँछन्। यसले गर्दा जनावरबाट मानिसमा रोग फैलन सक्छ, जसको प्रत्यक्ष प्रभाव वधशालाका कामदार र उपभोक्तामा पर्छ।

मासु मानव पोषणको एक महत्त्वपूर्ण घटक हो, जसले शरीरलाई आवश्यक भिटामिन, बी भिटामिन र एमिनो एसिड जस्ता पोषक तत्वहरू प्रदान गर्दछ। तर, प्रशोधनका क्रममा जनावर, मानव ह्यान्डलर, दूषित उपकरण र प्रयोग गरिने पानीबाट हुने रोगजनक सङ्क्रमणका कारण यसले ठूलो स्वास्थ्य जोखिम पनि निम्त्याउँछ।

वधशालाको अवधारणा सन् १८९० मा सुरु भई पहिलो विश्वयुद्धसम्म लाभदायक उद्यम बनेको थियो। यसको विकास क्षेत्रीय, सामाजिक, सांस्कृतिक र धार्मिक कारकका आधारमा फरक-फरक हुन्छ । विकसित राष्ट्रहरूमा ठूला औद्योगिक मासु प्याकिङ सुविधाहरू हुन्छन्। समग्रमा वधशालाहरूलाई चार प्रकारमा बाँड्न सकिन्छ: उच्च-मूल्यको घरेलु र निर्यात बजारका आधुनिक सुविधाहरू, ठूला पुराना सरकारी प्रतिष्ठानहरू, साना तथा मध्यम नगरपालिका/निजी वधशालाहरू, र समुदाय-स्तरीय 'स्लेबाहरू' ।

नेपालको सन्दर्भ र कानुनी व्यवस्था

नेपाल सरकारले स्वच्छ मासुको उपलब्धता सुनिश्चित गर्न देशभर चरणबद्ध रूपमा 'पशु वधशाला तथा मासु निरीक्षण ऐन, २०५५' लागू गर्ने तयारी गरिरहेको छ। कृषि, वन तथा वातावरण मन्त्रालयको निर्णय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा स्थानीय तहहरूलाई आवश्यक व्यवस्थापनका लागि पत्र पठाइएको छ ।

ऐन कार्यान्वयन तीन चरणमा हुनेछ । पहिलो चरण, राजपत्रमा सूचना प्रकाशित भएको ४ महिनाभित्र काठमाडौं, ललितपुर र भक्तपुरका सबै स्थानीय तहमा पूर्ण रूपमा लागू हुन्छ । दोस्रो चरण, ६ महिनाभित्र देशभरका अन्य सबै नगरपालिकाहरूमा लागू हुने छ। तेस्रो चरण, एक वर्षभित्र देशका सबै गाउँपालिकाहरूमा ऐन कार्यान्वयन हुने छ ।

पशु सेवा विभागले केन्द्रीय र स्थानीय सरकारहरूबीच समन्वय गर्दै मासु निरीक्षक र पर्यवेक्षकहरूको नियुक्ति, क्षमता अभिवृद्धि तालिम, वधशाला र मासु पसलहरूको विवरण

अद्यावधिक गर्ने तथा निरीक्षण सामग्रीको नमुना तयार गर्ने जिम्मेवारी लिएको छ। काठमाडौं उपत्यकामा आउन सक्ने व्यावहारिक कठिनाइ सहज बनाउन विज्ञ टोलीसमेत खटाइनेछ।

काठमाडौंमा दर्ता नभएका वधशालाहरूले बजारमा अस्वच्छ भैंसीको मासु वितरण गरिरहेका छन् । इनायटोलजस्ता ठूला वधशाला क्षेत्रमा दैनिक २०० सम्म भैंसी काटिने र २,२०० किलोग्राम भन्दा बढी मासु वितरण हुने गरे पनि त्यहाँको सरसफाइ अत्यन्तै खराब र उपभोगका लागि असुरक्षित छ। फोहोर र दुर्गन्धित क्षेत्रमा पशु काटिनु ऐनको प्रत्यक्ष उल्लङ्घन हो। ऐनले वधअघि पशुको पूर्व-मार्टम जाँच अनिवार्य गरेको छ भने मरेका, फोका भएका वा मिसावट गरिएका मासु बिक्रीमा प्रतिबन्ध लगाएको छ। अस्वच्छ मासु उपभोगका कारण भैंसीको मासु खाने कम्तीमा ६२ प्रतिशत उपभोक्ताहरू विभिन्न सरुवा रोगबाट प्रभावित हुने गरेका छन् ।

जनस्वास्थ्यमा मासु जाँच र वधशालाको भूमिका

खाद्य तथा कृषि संगठन (एफएओ) र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले जोखिम-आधारित दृष्टिकोणमा आधारित 'कोडेक्स एलिमेन्टेरियस' मार्फत मासु स्वच्छताको विश्वव्यापी मापदण्ड तय गरेका छन् । जनस्वास्थ्यका दृष्टिले मासु जाँचका मुख्य भूमिका निम्न छन् ।

- जुनोटिक रोगको नियन्त्रण: रेबिज, क्षयरोग, ब्रुसेलोसिस, जुकाका लार्भा (सिस्टिसरकोसिस, हाइडेटिडोसिस) र एन्थ्र्याक्स जस्ता घातक रोगहरू रोगी पशुको मासुबाट मानिसमा सर्न रोक्नु ।
- जीवाणुजन्य सङ्क्रमण रोक्न: अस्वस्थ वातावरणमा बध गर्दा फैलने साल्मोनेला, ई. कोलाई र लिस्टेरिया जस्ता जीवाणुबाट हुने कडा फुड पोइजनिङ नियन्त्रण गर्नु ।
- औषधिको अवशेष रोकथाम: पशुमा प्रयोग गरिएका एन्टीबायोटिक वा अन्य औषधिको अवशेष मासुमार्फत मानिसमा पुगी (एन्टीमाइक्रोबियल प्रतिरोधात्मकता' (एएमआर) बढ्न नदिनु । वैज्ञानिक मासु निरीक्षण दुई चरणमा हुन्छ । पहिलो, बधअघिको जाँच (पूर्व-मृत्यु निरीक्षण) । पशुको शारीरिक अवस्था, हिँडडुल, तापक्रम र रोगका लक्षण जाँचेर रोगी वा तनावमा रहेका पशुलाई बध गर्न नै रोक लगाउनु पर्छ । दोस्रो, बधपछिको जाँच (पोस्टमार्टम निरीक्षण) । पशुको मासु, कलेजो, फोक्सो, मुटु र भित्री अङ्गहरूको परीक्षण गरी अस्वस्थ भाग नष्ट गर्ने र योग्य मासुमा स्वीकृतिको छाप लगाउनुपर्छ ।

विद्यमान चुनौतीहरू

- खुल्ला र अस्वस्थकर कटान: नदी किनार, सडकपेटी र खुला पसलहरूमा अझै पनि परम्परागत ढङ्गले पशु बध भइरहनु ।
- पूर्वाधारको कमी: स्थानीय तहहरूमा आधुनिक वधशाला र कोल्ड-चेन पूर्वाधारको अभाव हुनु ।
- जनशक्ति र कार्यान्वयनको सुस्तता: भेटेरिनरी डाक्टर तथा निरीक्षकहरूको कमी हुनु र ऐन अनुसारको अनुगमन एवं दण्ड-सजाय प्रभावकारी हुन नसक्नु ।

सुधारका उपायहरू

- स्थानीय तहको सक्रियता: स्थानीय सरकारले आफ्नो क्षेत्रमा आधुनिक र व्यवस्थित वधशाला निर्माण गरी सञ्चालनमा ल्याउनुपर्ने।
- सार्वजनिक-निजी साझेदारी (एएए): निजी क्षेत्रलाई आधुनिक वधशाला र प्रशोधन केन्द्रहरूमा लगानी गर्न प्रोत्साहन गर्ने ।
- उपभोक्ता चेतना र तालिम: छाप नलगाएको मासु नकिन्न सचेतना फैलाउने र मासु व्यवसायीहरूलाई सरसफाइ, भण्डारण एवं जैविक सुरक्षा (नियन्त्रित प्रवेश, फुटबाथ) सम्बन्धी तालिम दिने ।

मासु र रोग रोकथामको सम्बन्ध प्राचीन रोमकालदेखि नै मान्यता प्राप्त छ । मासु भोजनको प्रमुख स्रोत भए पनि सुरक्षित उत्पादन, प्रशोधन र वितरण नभए यसले गम्भीर जनस्वास्थ्य सङ्कट ल्याउन सक्छ । त्यसैले वधशाला निरीक्षण र मासु जाँच जनस्वास्थ्यको दृष्टिले अत्यन्तै महत्त्वपूर्ण छ ।

(लेखक कार्की पशु रोग विशेषज्ञ हुन् ।)

इतिहासको पाना ● सुनिल उलक

६५ वर्षमा श्री ३ बनेका भीमशमशेर

भारतका तात्कालिन चीनिया कन्सुलर जनरल आइ मिङका साथ श्री ३ भीमशमशेर

२८ वर्षसम्म कमाण्डिङ अफिसर रहेका भीमशमशेर ६५ वर्षको उमेरमा वि.सं. १९८६ मंसिर १० गते श्री ३ बने । सबैभन्दा बढी उमेरमा श्री ३ बनेका उनले मुश्किलले ३ वर्ष (१९८९ भदौ १७ सम्म) मात्र शासन गरे ।

राणा शासकहरूमा सोझा मानिने भीमशमशेरले जेठी बडामहारानीको निधनपछि २४ वर्षीया ल्याइते रानी डीला तामाङलाई बडामहारानी (सीता महारानी) बनाए। उनकै पालामा 'मुर्मी भोट्या' भनिनेहरूलाई सम्मानपूर्वक 'तामाङ' लेख्न पाउने व्यवस्था गरियो। यसको विरोध गर्ने बडागुरुज्यू सिंहराज पाण्डेलाई देश निकाला गरियो भने सीता महारानीका तीन दाजुभाइलाई 'पाण्डे' थर दिइयो। सीता महारानीकै नाममा 'सीता भवन' (हाल बालमन्दिर) बन्यो। सीता महारानीतर्फकी छोरीको विवाह युवराज महेन्द्रसँग गराउने भीमशमशेरको योजना उनको असमयमै निधन भएकाले पूरा हुन सकेन ।

भीमशमशेरको निधनपछि श्री ३ बनेका जुद्धशमशेरले रोलक्रम फेरबदल गरी ल्याइतेतर्फका सन्तानहरूलाई रोलक्रमबाट हटाएर सर्वस्वसहित देश निकाला गरे। यसरी निष्काशित हुनेहरूमा सीता महारानीका छोराहरू हिरण्यशमशेर र प्रकाशशमशेर पनि थिए ।यही निष्कासन र अन्यायको बदला लिन उनीहरूका छोराहरू सुवर्णशमशेर र महावीरशमशेरले नेपाली कांग्रेसलाई ठूलो आर्थिक सहयोग गरी २००७ सालको क्रान्तिमार्फत नेपालमा राणाशासन अन्त्य गर्न निर्णायक भूमिका खेले। महावीरशमशेरले 'हिमालयन एभिएसन'मार्फत नेपालमा पहिलो हवाईजहाज सेवा सुरु गरेका थिए भने प्रजातन्त्रपछि उनी मन्त्रीसमेत बने।

हिरण्यशमशेरको सर्वस्वहरणमा परेको ललिता निवास (बालुवाटारको २९९ रोपनी जग्गा) पछि सुवर्णशमशेरले प्राप्त गरे पनि २०१७/२०१८ सालमा सरकारले अधिग्रहण गऱ्यो, जुन हालसम्म पनि भूमाफिया र कानुनी विवादमा अल्झिरहेको छ। प्रस्तुत ऐतिहासिक तस्बिरमा श्री ३ भीमशमशेरलाई चिनियाँ सरकारले सर्वोच्च पदक "टुङ लिङ पिङ मा कुओ काङ वाङ" र चिनियाँ सेनाको मानार्थ जनरल पद प्रदान गर्दा नेपाल आएका भारतका लागि चिनियाँ कन्सुलर जनरल, उनकी श्रीमती र छोरा देखिन्छन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

एनपिएल कात्तिक ९ देखि

काठमाडौं/मस– तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) कात्तिक ९ गतेदेखि सुरु हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले शनिबार औपचारिक रूपमा प्रतियोगिताको मिति सार्वजनिक गर्दै आगामी कात्तिक ९ देखि मंसिर ५ गतेसम्म लिग सञ्चालन हुने जानकारी दिएको हो। क्यानका सचिव पारस खड्काद्वारा जारी विज्ञप्तिमा उक्त मितिबारे जानकारी गराइएको छ।

यस वर्षको एनपिएल विशेषगरी चाडपर्वको बीचमा आयोजना हुन लागेको छ। क्यानले सार्वजनिक गरेको तालिका अनुसार प्रतियोगिता दसैं र तिहारको बीचमा पर्नेछ, जसले खेलप्रेमीहरूमा थप उत्साह थप्ने अपेक्षा गरिएको छ। यसअघि भने एनपिएल प्रायः तिहारपछि, मंसिर महिनामा आयोजना हुँदै आएको थियो। नयाँ मितिले दर्शक उपस्थिति, टेलिभिजन दर्शक संख्या तथा समग्र व्यावसायिक प्रभावमा सकारात्मक असर पार्ने अनुमान गरिएको छ।

प्रतियोगिताको तयारी तीव्र रूपमा अघि बढिसकेको छ। यसअघि नै खेलाडी अक्सन सम्पन्न भइसकेको छ भने आठवटै फ्रेन्चाइज टोलीहरूले विदेशी खेलाडी अनुबन्ध गर्ने प्रक्रिया पनि सुरु गरिसकेका छन्। अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूको सहभागिताले प्रतियोगिताको स्तर थप उकासिने विश्वास गरिएको छ। एनपिएलले नेपाली क्रिकेटलाई व्यावसायिक र प्रतिस्पर्धात्मक बनाउने महत्वपूर्ण प्लेटफर्मको रूपमा आफूलाई स्थापित गरिसकेको छ।

एनपिएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो भने दोस्रो संस्करणमा लुम्बिनी लायन्स च्याम्पियन बनेको थियो। दुवै संस्करणमा सुदूरपश्चिम रोयल्स उपविजेता बनेको तथ्यले यस टोलीलाई 'अनलक्की' तर बलियो प्रतिस्पर्धीको रूपमा चिनाएको छ। आगामी संस्करणमा भने उपाधिका लागि अझ कडा प्रतिस्पर्धा हुने अपेक्षा गरिएको छ।

नेपालमा क्रिकेटप्रति बढ्दो आकर्षणसँगै एनपिएलको महत्व पनि दिनप्रतिदिन बढ्दै गएको छ। घरेलु खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरको अनुभव दिलाउने, नयाँ प्रतिभा पहिचान गर्ने तथा क्रिकेटलाई आर्थिक रूपमा दिगो बनाउने लक्ष्यका साथ आयोजना हुँदै आएको यो लिग नेपाली क्रिकेटको भविष्यसँग प्रत्यक्ष रूपमा जोडिएको मानिन्छ। प्रतियोगिताको विस्तृत तालिका, खेल मैदान र प्रसारण सम्बन्धी विवरण भने क्यानले छिट्टै सार्वजनिक गर्ने जनाएको छ।

खेलाडीलाई मन्त्री पोखरेलको आग्रह– उत्कृष्ट दिने प्रयास गर्नुहोला

काठमाडौं/मस– शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले २०औं एसियाली खेलकुदको बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई आफ्नो उत्कृष्ट दिने प्रयास गर्न बताएका छन्।

एसियाडमा सहभागी हुने खेलाडीको तयारीलगायतका विषयमा जानकारी लिन मन्त्री पोखरेलले खेलाडीलाई भेट गर्ने क्रममा सो कुरा बताएका हुन्। मन्त्री पोखरेलले बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई शुक्रबार साँझ गौशालास्थित पशुपति बुटिकमा भेटका थिए। बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई पशुपति र सिनामंगलस्थित रोयल बुटिकमा राखिएको छ।

मन्त्री पोखरेलले खेलकुद र शिक्षा दुवै क्षेत्र भनेको आजै लगानी गरेर भोलि नै नतिजा आउने क्षेत्र नभएको बताउँदै लडटर्ममा लगानीको नतिजा अवश्य देखिने विश्वास व्यक्त गर्दै खेल क्षेत्र र खेलाडीको समस्या सामाधान गर्न प्रतिबद्ध रहेको बताए। उनले १०औं राष्ट्रिय खेलकुद यसै वर्ष सम्पन्न हुने बताए।

टेनिस खेलाडी प्रदीप खड्काले राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा बस्न पाउनु गर्वको विषय भएको बताउँदै खेलाडीको भावना प्रत्यक्ष बुझ्न खेलकुद मन्त्री स्वयं उपस्थित भएकोमा धन्यवाद व्यक्त गरे।

एसियाली खेलकुदकी ऐतिहासिक रजत विजेता एरिका गुरुङले मिसन-२०२६ को तयारीले खेलाडीलाई धेरै फायदा पुगेको बताउँदै खेलाडीले उत्कृष्ट नतिजा दिन हर सम्भव प्रयास गर्ने बताइन्। भलिबलका मुख्य प्रशिक्ष जगदीश भट्टले अब्बल प्रशिक्षक भए मात्र अब्बल खेलाडी उत्पादन गर्न सकिने बताउँदै प्रशिक्षकको दक्षता अभिवृद्धिमा पनि उत्तिनै ध्यान दिन जरुरी रहेको बताए।

कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप)का उपाध्यक्ष विशाल श्रेष्ठ, शिक्षा तथा खेलकुद मन्त्रीका प्रमुख सल्लाहकार सिद्धी व्यञ्जनकार र सल्लाहकार राजु सिंह, राखेप कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

जेभियर र गोल्डेनगेटलाई उपाधि

काठमाडौं/मस– जेभियर इन्टरनेसनल कलेज र गोल्डेनगेट इन्टरनेसनल कलेजले प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन्। जेभियर ब्वाइज तथा गोल्डेनगेट गर्ल्समा च्याम्पियन बने।

टोखा नगरपालिकाको साइबाबा चोकस्थित आयोजक प्याराडाइस स्पोर्ट्स एकेडेमीको हलमा भएको ब्वाइजको फाइनलमा जेभियरले सीसीआरसीलाई ६७-५४ ले पराजित गऱ्यो। सीसीआरको जितमा महेन्द्र प्याकुरेलले १९ अंक योगदान गरे।

पहिलो क्वाटरमा १६-११ ले अग्रता लिएको जेभियर दोस्रोमा १४-१८ ले पछि पऱ्यो। तेस्रो र चौथो क्वाटर क्रमशः १७-७ र २०-१८ ले आफ्नो पक्षमा पार्दै जेभियर उपाधि सुनिश्चित गऱ्यो। गर्ल्सको उपाधि भिडन्तमा एन्जल गुप्ताको १५ अंक सहयोगमा गोल्डेनगेटले निम्सलाई ३५-३० ले हरायो। गोल्डेनगेटले सुरुका २ क्वाटरमा समान ९-६ को अग्रता बनायो। तेस्रो क्वाटर निम्सले ११-४ ले आफ्नो पक्षमा पार्दै समग्रमा १ अंकको अग्रता बनाएको थियो। गोल्डेनगेटले निर्णायक चौथो क्वाटरमा १३-७ को प्रदर्शन गर्दै जित निश्चित गऱ्यो।

ब्वाइजमा जेभियरका रोशन नगरकोटी र गर्ल्समा गोल्डेनगेटकी एन्जल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। विजेतालाई नेपाल बास्केटबल संघका महासचिव नरेन्द्र थापा, आयोजक एकेडेमीका अध्यक्ष बद्री महतलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। आठदिने प्रतियोगिताको ब्वाइजमा १५ तथा गर्ल्समा ७ टिम सहभागी थिए।

मोरल तेक्वान्दोमा हिमशिखर टिम च्याम्पियन

काठमाडौं/मस– हिमशिखर बोर्डिङ स्कुलले प्रथम मोरल तेक्वान्दो प्रतियोगिताको उपाधि शनिबार जितेको छ। हिमशिखर ५ स्वर्ण, १ रजत र ४ कांस्यसहित टिम च्याम्पियन बन्यो। आयोजक मोरल एकेडेमी ४ स्वर्ण, २ रजत र ९ कांस्यसाथ दोस्रो भयो। लाजिम्पाटस्थित आयोजकको हातामा भएको प्रतियोगितामा तेस्रो स्थानको श्री पिङला तेक्वान्दो डोजाङले ३ स्वर्ण, ३ रजत र ४ कांस्य हात पाऱ्यो।

विजेतालाई आयोजक मोरलकी प्रिन्सिपल रश्मि गुरुङ, राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य कुमार लामा घिसिङ, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गी, तेक्वान्दोका सहायक मुख्य प्रशिक्षक नोर्बु लामालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। त्यसअघि एकदिने प्रतियोगिताको काठमाडौं महानगरपालिका वडा २ का अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले उद्घाटन गरेका थिए।

प्रतियोगितामा १३ टिमका १ सय ५० खेलाडीले २४ स्पर्धामा प्रतिस्पर्धा गरेको आयोजक मोरल एकेडेमीका मुख्य प्रशिक्षक मनोज साहले जनाएका छन्।

अन्भीलाई स्वर्ण

काठमाडौं/मस– नेपालकी अन्भी शाहीले दोस्रो दक्षिण एसियाली कराते च्याम्पियनसिपमा शनिबार स्वर्ण जितेकी छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको प्रतियोगितामा अन्भीले गर्ल्स १०-११ वर्षको एकल कातामा स्वर्ण जितेको प्रतियोगिताका रेफ्री संयोजक रवि शाहीले जनाएका छन्।

नेपाल गोजुरियो कराते डो संघद्वारा आयोजित प्रतियोगिताको सोही स्पर्धामा भारतकी चेरिसा स्याम्सुखा दोस्रो तथा नेपालका राधिका धामी र एन्जल घर्ती मगर तेस्रो भए।

मेस्सीलाई पितृशोक

काठमाडौं/मस– फुटबल जगतका प्रख्यात खेलाडी लियोनल मेस्सीका पिता जर्ज मेस्सीको ६८ वर्षको उमेरमा निधन भएको छ। लामो समयदेखि बिरामी रहेका उनको अर्जेन्टिनाको रोजारियो सहरस्थित एक मेडिकल क्लिनिकमा शुक्रबार राति निधन भएको मेस्सीको परिवारले पुष्टि गरेको छ।

पारिवारिक स्रोतका अनुसार, जर्जले आफ्नो जीवनको अन्तिम महिनाहरू रोजारियोको मेडिकल सेन्टर र आफ्नो घरमा आलोपालो गरी बिताएका थिए। सो समयमा उनकी श्रीमती सेलिया र छोराछोरीहरू रोड्रिगो, माटियस र मारिया सोल उनीसँगै थिए। हालै सम्पन्न विश्वकपपछि मेस्सीले पनि आफ्ना पितासँग समय बिताएका थिए र एक हप्ताअघि मात्र उनी आफ्नो क्लब इन्टर मियामीको खेलमा फर्किएका थिए।

जर्ज मेस्सीले लियोनल मेस्सीको बाल्यकालदेखि नै बार्सिलोनामा उनको प्रारम्भिक खेल जीवनको समयभरि निकै नजिकबाट साथ दिएका थिए। उनले मेस्सीको खेल करियरमा एक महत्वपूर्ण खम्बाका रूपमा समर्थन गर्नुका साथै धेरै वर्षसम्म उनको प्रतिनिधिको रूपमा समेत काम गरेका थिए।

आफ्ना पितासँगको सम्बन्धबारे मेस्सीले विगतमा भनेका थिए, 'मलाई बाल्यकालदेखि नै सधैं मेरो बुबाको स्वीकृतिको आवश्यक पर्थ्यो। हरेक खेल खेलिसकेपछि म उहाँलाई मेरो खेल कस्तो रह्यो भनेर सोध्ने गर्थें।' आठ पटकका ब्यालोन डी'ओर विजेता मेस्सीको बाल्यकालको क्लब 'नेवेल्स ओल्ड ब्वाइज'ले जर्ज मेस्सीप्रति श्रद्धाञ्जली अर्पण गरेको छ। क्लबले सामाजिक सञ्जालमा लेखेको छ, 'लियोनलको हरेक पाइलालाई अगाडि बढाउन उहाँको निरन्तर साथ र पर्दा पछाडिको नेतृत्व निकै आवश्यक र महत्वपूर्ण थियो।'

विश्वकपका दौरान अल्जेरियाविरुद्धको सुरुवाती खेलमा ह्याट्रिक गर्ने क्रममा मेस्सीले पहिलो गोल गरेपछि भावुक हुँदै आँसु बगाएका थिए। पछि पत्रकार सम्मेलनमा उनले आफू 'केही कठिन र जटिल दिनहरू'बाट गुज्रिरहेको र त्यो आँसु 'फुटबलसँग असम्बन्धित विषय'का कारण भएको स्पष्ट पारेका थिए। त्यसको केही दिनपछि मेस्सी परिवारले जर्जको स्वास्थ्य उपचार चलिरहेको बारे सार्वजनिक जानकारी दिएको थियो।

मिलन धर्मस्थली च्याम्पियन

काठमाडौं/मस– मिलन धर्मस्थलीले तारकेश्वर कप विद्यालयस्तरीय छात्र फुटबल प्रतियोगिताको उपाधि जितेको छ।

तारकेश्वर नगरपालिकाको आयोजनामा शेषमतिस्थित टिपटो स्पोर्ट्स हबमा भएको फाइनलमा मिलन धर्मस्थलीले श्रृजना ज्ञान सागरलाई २-० गोलले पराजित गऱ्यो। दुवै गोल तेन्जिङ तामाङले गरे। ग्राम सेवाले प्रारम्भ वर्ल्ड स्कुललाई २-० गोलले हराउँदै तेस्रो भयो। दुवै गोल सरोज बरामबाट सम्भव भयो। शीर्ष तीनमा रहने टिमले क्रमशः १० हजार, ५ हजार र ३ हजार नगद पुरस्कार हात पारे।

मिलन धर्मस्थलीका तेन्जिङ तामाङ सर्वोत्कृष्ट खेलाडी घोषित भए। तेन्जिङ प्रतियोगिताकै सर्वाधिक गोलकर्ता पनि बने। श्रृजना ज्ञान सागरका प्रिन्स थापा मगर उदीयमान खेलाडी, मिलन धर्मस्थलीका शशि तामाङ उत्कृष्ट गोलरक्षक र मिलन धर्मस्थलीकै प्रवीण गुरुङ उत्कृष्ट प्रशिक्षक चुनिए। सबैले जनही ५ हजार नगद पुरस्कार हात पारे।

विजेतालाई तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जन, उप-मेयर सिर्जना बुर्लाकोटी, प्रमुख प्रशासकीय अधिकृत धर्मराज लम्साल, नगर खेलकुद समितिका अध्यक्ष विक्रम खड्गी, खेलकुद शाखा संयोजक गौरव बस्नेतलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

पाँचदिने प्रतियोगितामा ३२ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेको नगर खेलकुद समितिका अध्यक्ष खड्गीले जनाएका छन्।

बीमालेख हराएको सूचना

मिति २०८३ साउन १ गते नयाँ बानेश्वरबाट पञ्चकुमारी मार्ग जाने क्रममा हिमालयन लाइफ इन्स्योरेन्सबाट जारी भएको बीमालेख (**Policy**) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु।

बीमितको नाम : आरधना खनाल
बीमालेख नम्बर : PSW-PLI1010007893
ठेगाना : पञ्चकुमारी मार्ग-१०, काठमाडौं
सम्पर्क नं : ५८५-१०७०२५७

भूल सुधार

मिति २०८३/०४/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यूएई र ओमनमा रोजगार शिर्षक कम्पनीको नाम : **SELECTIVE MANPOWER SERVICES L.L.C, पूर्व स्वीकृत मितिः २०८३/०१/२८, चलानी नं.: ६०२५५४५६ र L.T. No.: 341834** को विज्ञापनमा शहर : Dubai हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

AASHIN OVERSEAS PVT. LTD.
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037, 9841810369

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

इलियास मियाको नातिनी, महमद लुकमान अंसारीको छोरी, पर्सा जिल्ला, साबिक चोर्नी गा.वि.स. वडा ०७ पर्सा भई हाल बिरगंज म.न.पा. वडा न ३२ बस्ने, यस बैंकको जितपुर शाखा कार्यालयको खातावाला हुस्न बानुको मिति २०८१/१२/०५ मा मृत्यु भएकाले मृतकको खातामा रकम भुक्तानी पाउँ भनी मृतकको पति तफाजुल मियाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५७००६८४, ४२७६०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८३/०४/२४

यस बैंकका निक्षेपकर्ता श्री रासलाल यादवको बुहारी, शिवु यादवको छोरी, श्री सतिराम यादवको पत्नी, सिरहा जिल्ला, औरही गा.वि.स. वडा नं. ०३ घर भई हाल सिरहा जिल्ला, औरही गाउँपालिका वडा नं. ०५ बस्ने वर्ष ७० को श्रीमती **सालकुमारी यादव** (ना.प्र.नं.०३२३४१७५, जारी मिति २०४४/१२/२२, सिरहा) को मिति २०८२/११/०६ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरका कान्छो छोरा दिपेन्द्र यादवले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका छोरा दिपेन्द्र यादवको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ओमनमा रोजगार कम्पनी : ORION SOLAR LLC पूर्व स्वीकृत मितिः २०८३/०४/२२ चलानी नं.: ६०२५४५०५ शहर : OMAN L.T. No.:346221

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Maintenance Mechanic	25	0	सम्बन्धित कामका दक्ष	130	५१,३३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Factory Loading & Unloading Labor	30	0		120	४७,३८६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ साउन ३० गते (15 August 2026) **मा हुनेछ ।**

स्वदेशमा भर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति तोक्ने	विदेशमा भर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा भरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति तोक्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाई टिकट कसले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,७०० कामदारले	रु १०,०००

मेडिकल रोजगार बिमालगायत अन्यहरुको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके पश्चात भएमा कम्पनीमा गई रकम बुझाउनु होला। २. कुनै पनि कारण कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ३. भिसा प्रक्रिया शुरु भएपछि कुनै पनि कारणले कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ४. भिसा प्रक्रिया शुरु भएपछि कुनै पनि कारणले कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ५. भिसा प्रक्रिया शुरु भएपछि कुनै पनि कारणले कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ६. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ७. भिसा प्रक्रिया शुरु भएपछि कुनै पनि कारणले कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ८. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ९. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १०. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ११. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १२. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १३. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १४. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १५. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १६. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १७. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १८. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १९. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। २०. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ।

New Sambriddhi Overseas Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ६९९/०६२/०६३
Pingalastan, kathmandu, Mobile: +977-15926532, 9812757284 (Sanjib Kumar Thapa)
Itahari Branch No : 9828226395, Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८३/०८/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा भूलवस प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी आज मिति २०८३/०८/२४ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

युएईमा रोजगार कम्पनी : MIDDLE EAST MANPOWER SERVICES पूर्व स्वीकृत मितिः २०८३/०४/०६ चलानी नं.: ६०२५८५५२ शहर : UAE LT. No.:345236 पुन विज्ञापनन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब नेरू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	SCAFFOLDER	5	0	स. कामका दक्ष	1500	६२,१००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर जनकपुरमा २०८३ साउन ३१ गते (16 August 2026) **मा हुनेछ ।**
अन्तर्वार्ता शाखा कार्यालय इटहरीमा २०८३ भदौ १ गते (17 August 2026) **मा हुनेछ ।**
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ भदौ २ गते (18 August 2026) **मा हुनेछ ।**

स्वदेशमा भर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति तोक्ने	विदेशमा भर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा भरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति तोक्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाई टिकट कसले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,७०० कामदारले	नि शुल्क

मेडिकल रोजगार बिमालगायत अन्यहरुको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके पश्चात भएमा कम्पनीमा गई रकम बुझाउनु होला। २. आफ्नो काम गर्न जाने सुनुवामा रोजको भेलारी अनिवार्य रुपमा होला। ३. कुनै पनि कारण कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ४. भिसा प्रक्रिया शुरु भएपछि कुनै पनि कारणले कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ५. कामदार भिसा प्राप्ती नेपालकै बिमालयबाट प्रवेश गर्नु होला, अन्यथा दोब्बर सम्भाव्य गर्नु होला। ६. भिसा प्रक्रिया आफ्नो नेपालकै बिमालयबाट प्रवेश गर्नु होला, अन्यथा दोब्बर सम्भाव्य गर्नु होला। ७. भिसा प्रक्रिया शुरु भएपछि कुनै पनि कारणले कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ८. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ९. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १०. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। ११. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १२. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १३. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १४. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १५. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १६. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १७. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १८. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। १९. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ। २०. कामदार भिसा प्राप्ती पश्चात कामदार नजाने भएमा कम्पनीले भरेको भिसा रद्द गरी पठाउन लाग्ने खर्च कामदारले व्यहोर्नु पर्नेछ।

Lic No.: 954/067/068
VARSHA MANPOWER PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044, 9803903060 (Rabin Megale Magar)
Email: info@varshanepal.com, Website: www.varshanepal.com

‘यातायात क्षेत्रलाई व्यवस्थित बनाउन नयाँ कानुन आवश्यक’

मध्यान्ह संवाददाता
काठमाडौं, २३ साउन

यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष सरोज सिटौलाले सार्वजनिक यातायातक्षेत्रको सुधारका लागि सरकारसँग मिलेर काम गर्न व्यवसायी तयार रहेको बताएका छन् । तारकेश्वर यातायातको ७ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै अध्यक्ष सिटौलाले सरकारले सार्वजनिक यातायातमा चालक तथा सहचालकको सुरक्षा, यात्रुको अनुशासन, दुर्घटना न्यूनीकरण र यातायातसम्बन्धी नीति-कानुन सुधार गर्नु पर्नेमा जोड दिए । उनले सिटौलाले दुर्घटना भएपछि चालकलाई मात्रै दोषी देखाउने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताए । सार्वजनिक सवारीबाट हुने दुर्घटनामा एकैपटक धेरै यात्रु प्रभावित हुने भएकाले त्यसलाई न्यूनीकरण गर्न थप प्रभावकारी कदम आवश्यक रहेको रहेको भन्दै दुर्घटना न्यूनीकरणका लागि व्यवसायी, चालक, यात्रु, ट्राफिक प्रहरी र सरकार सबै

पक्ष जिम्मेवार भएर अघि बढ्नुपर्ने सिटौलाको भनाइ छ। उनले भने ‘सवारी साधनले रुट परमिटमा विभिन्न गन्तव्य उल्लेख गर्ने तर व्यवहारमा सेवा नदिने प्रवृत्तिले यात्रुलाई समस्या परेको छ । सम्बन्धित निकायलाई अनुगमन र नियमन प्रभावकारी बनाउन आवश्यक छ।’

प्रदेश सरकार तथा यातायात कार्यालयले राजस्व उठाउने कामसँगै सार्वजनिक यातायातको सुधारमा पनि ध्यान दिनुपर्ने बताए । उनले यातायात क्षेत्रलाई व्यवसायीमैत्री, श्रमिकमैत्री र यात्रुमैत्री बनाउन आवश्यक कानुन निर्माणका लागि महासंघले पहल गरिहरको छ। यातायात कम्पनी दर्ताको विद्यमान व्यवस्थाले अस्वस्थ प्रतिस्पर्धा र बिचौलियालाई प्रोत्साहन गरेको भन्दै सिटौलाले कम्पनी दर्ता तथा सञ्चालनका लागि निश्चित मापदण्ड आवश्यक रहेको बताए ।

यस्तै यात्रु सेवा सुधारसँगै यातायात व्यवसायीको हकहित संरक्षण र व्यवसायलाई व्यवस्थित बनाउन निरन्तर काम गर्दै तारकेश्वर यातायातका अध्यक्ष श्रीकृष्ण नगरकोटी बताए । उनले यातायात व्यवसाय आर्थिक रूपमा संवेदनशील क्षेत्र भएकाले व्यवसायीलाई आइपर्ने आकस्मिक आर्थिक समस्याको समाधानका लागि संस्थागत पहल गर्दै आएको बताए । अध्यक्ष नगरकोटीले यातायात व्यवसायीको हकहितका लागि विगतमा भएका विभिन्न आन्दोलनमा व्यवसायी समितिले महत्वपूर्ण गरेको उल्लेख गरे । तारेकेश्वर यातायातले व्यवसायीलाई सुरक्षित र व्यवस्थित रूपमा व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने, चालक तथा परिचालकलाई अनुशासित बनाउने र व्यवसायीलाई भयमुक्त वातावरण सिर्जना गर्ने काम गरिरहेको बताए । तारकेश्वर यातायात अन्तर्गत १७४ वटा बस सञ्चालनमा छन् ।

५ करोड लगानीमा ठमेलमा खुल्यो ‘मार्लो होटल’

काठमाडौं/मस– पर्यटकीय क्षेत्र ठमेलमा ‘मार्लो होटल’ सञ्चालनमा आएको छ । करिब ५ करोडको लगानीमा निर्माण गरिएको होटलले पाहुनालाई स्वागत तथा सेवा गर्दै आइरहेको छ। होटलमा विभिन्न तहका गरेर ३६ वटा कोठा रहेका छन् । पाहुनाको आवश्यकता र बजेटअनुसार कोठाको सुविधा तथा मूल्य निर्धारण गरिएको होटलका निर्देशक अभी ढकालले जानकारी दिए ।

ढकालका अनुसार मार्लो होटलमा स्ट्यान्डर्ड डबल रुमदेखि स्वीट अपार्टमेन्टसम्मका कोठा उपलब्ध छन् । होटलका कोठाको मूल्य न्यूनतम ३ हजार रुपैयाँदेखि अधिकतम १० हजार रुपैयाँसम्म रहेको छ । होटलमा स्ट्यान्डर्ड डबल रुम ६ वटा छन्, जसको मूल्य प्रतिरात ४ हजार रुपैयाँ तोकिएको छ । त्यस्तै, स्ट्यान्डर्ड ट्विन रुम ६ वटा रहेका छन् भने यसको मूल्य ४ हजार ५ सय रुपैयाँ रहेको छ ।

त्यसैगरी, डिलक्स फेमिली र डिलक्स थ्री-बेड गरी ६ वटा कोठा रहेका छन्। होटलमा प्रिमियर फेमिली रुम ६ वटा र प्रिमियर किङ रुम ६ वटा छन् । दुवै श्रेणीका कोठाको मूल्य प्रतिरात ६ हजार रुपैयाँ रहेको छ ।

होटलको विशेष आकर्षणका रूपमा स्वीट अपार्टमेन्ट समेत रहेको छ । ६ वटा स्वीट अपार्टमेन्ट रहेको होटलमा यसको मूल्य प्रतिरात १० हजार रुपैयाँ निर्धारण गरिएको छ ।

मार्लो होटलका कोठाहरू आकारका हिसाबले पनि फरक-फरक छन। होटलमा करिब १८५ वर्गफिटदेखि ६ सय वर्गफिटसम्मका कोठा उपलब्ध रहेको निर्देशक ढकालले जानकारी दिए ।

ठूलो आकारका कोठा परिवार तथा लामो समय बस्ने पाहुनालाई लक्षित गरी तयार पारिएको ढकालको भनाइ छ ।

होटलले विभिन्न प्रयोजनका लागि आउने स्वदेशी तथा विदेशी पाहुनालाई लक्षित गरेको छ। व्यवसायिक कामका लागि आउने, पारिवारिक भ्रमणमा रहेका तथा लामो समय बस्न चाहने पाहुनालाई एउटै होटलमा फरक-फरक श्रेणीको आवास सुविधा उपलब्ध गराउने उद्देश्य रहेको ढकाल बताउँछन् ।

भारत, बंगलादेशी, चीन तथा एशियन मुलुक र युरोपेयियन एवम अमेरिकन सबै मुलुकका पर्यटकहरू होटलमा आउने गरेको उनले जानकारी दिए। होटल सञ्चालनका लागि हाल २५ जना कर्मचारी कार्यरत छन्। आतिथ्य सेवाको गुणस्तर कायम गर्दै पाहुनालाई सहज र आरामदायी वातावरण प्रदान गरिरहेको उनी बताउँछन् । करिब ५ करोड रुपैयाँको लगानीमा निर्माण गरिएको होटलले आवासीय सुविधासँगै पर्यटन तथा आतिथ्य क्षेत्रको बढ्दो मागलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ। ‘पाहुनाको आवश्यकता र बजेटअनुसार फरक-फरक श्रेणीका कोठा उपलब्ध गराएका छौं । गुणस्तरीय सेवा र आरामदायी वातावरणमार्फत पाहुनाको रोजाइको होटल बन्ने हाम्रो लक्ष्य हो,’ निर्देशक अभि ढकाल भने । मार्लो होटलले फरक मूल्य र सुविधाका कोठामार्फत बजेटदेखि प्रिमियम वर्गसम्मका पाहुनालाई समेट्ने प्रयास गरेको छ।

गाईभैंसी किन्न अनुदान दिएपछि बढे व्यावसायिक पशुपालन गर्ने कृषक

कास्की/रासस– कास्कीको रुपा गाउँपालिकाले गाईभैंसी किन्न किसानलाई अनुदान दिएपछि पालिकामा व्यावसायिक पशुपालन गर्नेको संख्या बढेको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाले गरिबी निवारणका लागि दूध उत्पादन परियोजना सुरु गरेर सोमार्फत किसानलाई गत आर्थिक वर्षमा गाई खरिद गर्न नगद अनुदान दिएको हो । यसबाट पालिकामा दूध उत्पादन वद्धि भएको छ भने किसानको आम्दानीसमेत बढेको छ । पालिकामा पशुपालनको लहर चल्दा स्थानीय सरकारको साथले किसान उत्साहित बनेका छन् । रुपा-७ ठूलीबेँसीका किसान शंकरलाल श्रेष्ठको गोठमा अहिले तीन वटा जर्सी गाई छन् । गाउँपालिकाले प्रतिगाई ४० हजार अनुदान उपलब्ध गराएपछि उनले गाई किनेर व्यावसायिक पशुपालन सुरु गरे । श्रेष्ठले दैनिक २० लिटर दूध बजारमा बिक्री गर्छन् ।श्रेष्ठका अनुसार विगतमा उनका बुबाले पनि पशुपालन गर्थे। त्यसबेला दूध बिक्री गर्न चार घण्टासम्म पैदल हिँडेर बेगनासताल पुग्नुपर्ने बाध्यता थियो । बजार अभावले उनले बुबाको पेसा छाडे । अहिले भने दूध संकलनका लागि गाडी गाउँसम्म आउने भएकाले बजार र सङ्कलनको समस्या हटेको

श्रेष्ठले बताउछन् ।‘गाउँपालिकाले अनुदानपछि मसँगै यहाँका २० जना किसानले जर्सी गाई किनेर व्यावसायिक पशुपालन सुरु गरेका छौं । दूध बिक्री गर्न पनि सहज छ । पालिकाको सहयोग पाएपछि व्यावसायिक पशुपालनमा लाग्न उत्साह बढेको छ’, श्रेष्ठले भने । उनका अनुसार दूध संकलन र बिक्री गर्न किसानले देउराली कृषक समूह गठन गरेका छन् ।पहिले ११ सदस्य रहेको समूह अहिले २० सदस्यीय बनेको छ । किसानका गोठमा गाईको संख्या बढ्दै गएको उल्लेख गर्दै श्रेष्ठले समूहलाई सहकारीमा रूपान्तरण गरी डेरी व्यवसायलाई थप व्यवस्थित र विस्तार गर्ने योजना रहेको जानकारी दिए ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि दूध उत्पादन परियोजनाले रुपाको ठूलीबेँसीमा मात्र होइन अन्य वडामासमेत व्यावसायिक पशुपालनले गति लिएको छ।गाउँपालिकाका पशु चिकित्सक सुशील अर्यालका अनुसार यस कार्यक्रममार्फत हालसम्म गाउँपालिकामा २०० वटा गाई भित्रिएका छन् । पालिकाका विभिन्न ११ गाउँका किसानले गाईभैंसी खरिद र दुग्धजन्य उपकरण सहायताका लागि दुई करोड ३५ लाख अनुदान प्राप्त गरेको उनले जानकारी दिए । परियोजना सुरु भएपछि दैनिक दुई हजार ६६२ लिटर दूध उत्पादन थपिएको छ । अर्यालका अनुसार पालिकाले कृषकलाई गाई किन्नका लागि ४० हजार र भैंसीका लागि ५० हजारका दरले अनुदान उपलब्ध गराएको हो ।

‘किसानलाई गाईभैंसी खरिदमा अनुदान उपलब्ध गराएपछि यसको सकारात्मक प्रभाव देखिएको छ, उत्पादन बढेको छ । नगद अनुदानसँगै उपकरण सहयोगले दूध संकलनमा सहयोग पुग्नुका साथै किसानको आम्दानीमा वृद्धि भएको छ । युवाका लागि स्थानीयस्तरमा रोजगारीका अवसर पनि सिर्जना भएका छन् । प्रत्यक्ष रूपमा ३०० किसान यस कार्यक्रममा आबद्ध छन्,’ अर्याललले भने । उनका अनुसार हाल रुपा गाउँपालिकाबाट दैनिक करिब पाँच हजार लिटर दूध पोखराका बजारमा बिक्रीका लागि पठाउने गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष नवराज ओझाले किसानको श्रमलाई सम्मान गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने लक्ष्यसहित कृषि क्षेत्रमा लगानी बढाइएको बताए। उनले विगतका वर्षमा पूर्वाधारमा पालिकाले लगानी गरेकामा यस वर्षदेखि उत्पादन र आयआर्जन वृद्धिका कार्यक्रमलाई बढी प्राथमिकता दिइएको बताए ।

‘किसानको मेहनतले मात्रै गाउँ समृद्ध हुन्छ भन्ने हाम्रो विश्वास हो । त्यसैले प्रत्येक घरपरिवारलाई आयआर्जनसँग जोड्ने उद्देश्यले कृषि र पशुपालनमा केन्द्रित कार्यक्रम सञ्चालन गरेका छौं । विगतमा पूर्वाधारमा केन्द्रित बजेटलाई यस वर्ष उत्पादन, कृषि र रोजगारी सिर्जनामा प्राथमिकता दिएका छौं’, अध्यक्ष ओझाले भने । उनले गरिबी निवारणका लागि सञ्चालन गरिएको दूध उत्पादन परियोजना गाउँपालिकाका ११ स्थानमा विस्तार गरिएको जानकारी दिँदै यसको प्रत्यक्ष प्रभाव किसानको आय र जीवनस्तरमा देखिन थालेको उल्लेख गरे ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनन्तराज न्यौपानेले अब उत्पादन बढाउने मात्र नभई त्यसको दिगो बजारीकरणमा गाउँपालिका केन्द्रित हुने बताए । ‘डेरीका आवश्यक पूर्वाधार गाउँसम्म पुगेका छन् । अब किसानले उत्पादन बढाउने र गाउँपालिकाले बजारीकरण तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्नेछ । उत्पादन खेर जान नदिने हाम्रो प्रतिबद्धता छ’, उनले भने ।

रुपा गाउँपालिकाले दूध उत्पादन परियोजनाअन्तर्गत गाईभैंसी खरिदमा नगद अनुदानका साथै दुग्ध सहकारी र कृषक समूहलाई आवश्यक डेरी उपकरणसमेत उपलब्ध गराउँदै आएको छ । कार्यक्रममार्फत दूध बोक्ने भाँडा, दूध चिस्याउने ट्यांकी, दूधको गुणस्तर वा चिल्लोपन मापन गर्ने यन्त्र, भोल्टेज नियन्त्रक (विद्युत् प्रवाह स्थिर राख्ने उपकरण), दूध जमाउने फ्रिज, पनिर बनाउने उपकरण, दूधबाट तर छुट्टयाउने उपकरण, जेनेरेटरलगायत सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

बिवाइडीको पूर्ण थ्री–एस सुविधासहित पोखरा सर्भिस सेन्टर

पोखरा/मस– नेपालका लागि बिवाइडी अटो इन्डष्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इंकले आफ्नो आधिकारिक डिलर फ्ल्यास मोबिलिटीमार्फत पोखरामा बिवाइडीको आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको घोषणा गरेको छ। पोखरा महानगरपालिका-१०, बुद्धचोकस्थित यो नयाँ सर्भिस सेन्टरसँगै पोखरामा बिवाइडीको थ्रीएस (सेल्स, सर्भिस तथा स्पेयर पार्ट्स) सुविधा पूर्ण रूपमा सञ्चालनमा आएको छ।

यसले गण्डकी प्रदेश तथा आसपासका क्षेत्रका बिवाइडी ग्राहकलाई अझ सहज, भरपर्दो र स्तरीय बिक्रीपछिको सेवा उपलब्ध गराई अपनत्वको अनुभव दिलाउने अपेक्षा गरिएको छ। उक्त सर्भिस सेन्टरको उदघाटन प्रमुख अतिथिको रुपमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गरेका थिए ।

बिवाइडीले नेपालभर आफ्नो बिक्रीपछिको सेवा सञ्जाल तीव्र रूपमा विस्तार गरिरहेको अवस्थामा पोखरामा आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा आउनु कम्पनीका लागि अर्को महत्वपूर्ण उपलब्धि भएको बिवाइडी नेपालले जनाएको छ। यसका साथै, ग्राहकलाई सवारी बिक्रीपश्चात समेत सुपेरियर र सिन्सेयर सर्भिस प्रदान गर्ने आफ्नो प्रतिबद्धतालाई यसले थप मजबुत बनाएको कम्पनीको भनाइ छ । यसअघि पोखराका बिवाइडी ग्राहकले कम्पनीबाट तालिमप्राप्त थर्ड पार्टी सर्भिस पार्टनरमार्फत बिक्रीपछिको सेवा प्राप्त गर्दै आएका थिए । अब भने आधिकारिक बिवाइडी सर्भिस सेन्टर सञ्चालनमा आएसँगै ग्राहकले बिवाइडीकै आधिकारिक सेवा सञ्जालमार्फत अत्याधुनिक प्राविधिक सेवा, जेन्युइन स्पेयर पार्ट्स, विशेष उपकरण तथा कम्पनीबाट तालिमप्राप्त प्राविधिकको सेवा प्राप्त गर्न सक्नेछन् । सो अवसरमा बोल्दै साइमेक्स इंकका हेड अफ सर्भिस सुशील तण्डुकारले भने, ‘ बिवाइडीको सवारी खरिद गर्नु भनेको ग्राहकसँगको हाम्रो सम्बन्धको सुरुवात मात्र हो। हाम्रो जिम्मेवारी सम्पूर्ण स्वामित्व अवधिभर कायम रहन्छ। पोखरामा आधिकारिक बिवाइडी सर्भिस सेन्टर सञ्चालनमा ल्याउनु भनेको विश्वस्तरीय पूर्वाधार, दक्ष प्राविधिक, जेन्युइन स्पेयर पार्ट्स तथा ग्राहक-केन्द्रित सेवामार्फत उत्कृष्ट र इमानदार सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धताको निरन्तरता हो। नेपालमा विद्युतीय सवारीको बजार विस्तार हुँदै गइरहेका बेला हामी देशव्यापी सेवा सञ्जालालाई थप सुदृढ बनाउँदै प्रत्येक बिवाइडी ग्राहकलाई पूर्ण विश्वास र सहजता प्रदान गर्न प्रतिबद्ध छौं ।’

करिब ७ हजार २३३ वर्गफिट क्षेत्रफलमा फैलिएको यो अत्याधुनिक सर्भिस सेन्टर विशेष रूपमा विद्युतीय सवारीसाधनको मर्मत तथा सेवा सम्बन्धी आवश्यकतालाई ध्यानमा राखेर निर्माण गरिएको हो। सर्भिस सेन्टरमा चारवटा आधुनिक भेइकल लिफ्ट, छुट्टाछुट्टै मर्मत क्षेत्र, हाई-भोल्टेज प्रणालीमा काम गर्ने विशेष कार्यक्षेत्र, जेन्युइन बिवाइडी स्पेयर पार्ट्स स्टोरेज र डेडिकेटेड भेइकल वासिङ बे लगायतका सुविधा उपलब्ध छ ।

नाइमा अटो एक्स्पोमा डोङफेङ बस सार्वजनिक हुने

काठमाडौं/मस– हिमालयन अर्गनाइजेसन अन्तर्गत रहेको आयाम इन्टरकन्टिनेन्टलले चीनको बहुप्रतिष्ठित कम्पनी डोङफेङद्वारा उत्पादित बसहरू भदौ २६ गते देखि आयोजना हुन लागेको नाइमा अटो एक्स्पोमा सार्वजनिक गर्ने भएको छ ।

कम्पनीले हाल दुईवटा बसको मोडल सार्वजनिक गर्न लागेको जानकारी उपलब्ध गराएको छ । डोङफेङ चीनको सबैभन्दा ठूलो तथा प्रतिष्ठित अटोमोबाइल उत्पादक कम्पनीहरूमध्ये एक हो। सन् १९६९ मा स्थापना भएको यो कम्पनी चीन सरकारको स्वामित्वमा रहेको छ। यो कम्पनीले विश्वस्तरीय प्रविधि प्रयोग गरी यात्रुवाहक सवारी, व्यावसायिक सवारी, बस, ट्रक, विद्युतीय सवारी , विशेष प्रयोजनका सवारी तथा अटोमोबाइलका विभिन्न पार्टपुर्जा उत्पादन गर्दै आएको छ । पाँच दशकभन्दा लामो अनुभवका साथ डोङफेंङले गुणस्तर, विश्वसनीयता, सुरक्षा र नवीन प्रविधिका कारण विश्व बजारमा आफ्नो विशिष्ट पहिचान स्थापित गरेको छ। डोङफेंङका सवारी साधन



एशिया, युरोप, अफ्रिका, मध्यपूर्व, दक्षिण अमेरिका लगायत विश्वका धेरै देशमा सञ्चालनमा छन् ।

कम्पनीले अन्तर्राष्ट्रिय बजारमा गुणस्तरीय उत्पादन, प्रतिस्पर्धी मूल्य तथा उत्कृष्ट बिक्रीपछिको सेवाका कारण राम्रो प्रतिष्ठा कमाएको छ । हाल यसको उत्पादन विश्वका १०० भन्दा बढी देशमा निर्यात हुँदै आएको छ। नेपालमा पनि डोङफेंङ ब्रान्डका ट्रक, कार तथा माइक्रोबसहरू पहिलेदेखि नै बिक्रीका साथै लोकप्रिय रहँदै आएका छन् । हिमालय अर्गनाइजेशन अन्तर्गत रहेका कम्पनीहरूले विगत देखि नै भारतको फोर्स मोटर तथा चीनको म्याक्सस कम्पनीका सवारी साधनहरूको नेपालका लागि आधिकारिक विक्रेताको रूपमा कार्य गर्दै आएकोमा हाल नेपाल सरकारले ठूला प्रकारका विद्युतीय बसहरूलाई प्राथमिकतामा राख्ने नीति बनाउन थालेको तथा नेपालका ग्राहकहरूले पनि ठूला प्रकारका विद्युतीय बसहरूको माग गर्न थालेको अवस्थालाई ध्यानमा राखेर यो ब्रान्डका बसहरू नेपाल भित्राएको जनाएको छ । उक्त अटो एक्स्पोमा ७.२ मिटरका २६ देखि ३० सिट क्षमताका बसहरू सार्वजनिक गर्न लागिएको छ भने निकट भविष्यमा नै यसै कम्पनीका ३८ र ५२ सिट क्षमता भएका ९ र १२ मिटरका बसहरू पनि नेपाल ल्याउन लागेको कम्पनीले जानकारी गराएको छ । यसको मूल्य तथा अन्य विवरणहरू भने कम्पनीले सोही अटो एक्सपोमा नै जानकारी गराउने भनेको छ तर कम्पनीले अहिले नै घोषणा के गरेको छ भने त्यहाँ सार्वजनिक गर्न लागिएका उक्त बसहरु हाल नेपालमा उपलब्ध अन्य कम्पनीका बसहरूको भन्दा निकै कम मूल्यमा ग्राहकहरू समक्ष सार्वजनिक गरिने जानकारी दिएको छ ।

एक्सोमा बुकिङ गर्ने ग्राहकहरूलाई विशेष छुटको योजना समेत प्रस्तुत गर्न लागिएको छ । बिग्रिपछिको सेवा तथा स्पेयर पार्ट्सका लागि हिमालय अर्गनाइजेसन अन्तर्गतका विभिन्न कम्पनीहरूले नेपालभरि विभिन्न सहरहरूमा रहेका आफ्ना शाखा तथा डिलरहरू मार्फत उपलब्ध गराइने जानकारी समेत दिएको छ ।

लिपमोटर बी०३ एक्स सार्वजनिक

काठमाडौं/मस– नेपाली बजारमा लिपमोटर बी०३एक्स सार्वजनिक भएको छ । नेपालका लागि लिपमोटरको आधिकारिक वितरक सांग्रिला मोटर्स नयाँ बी०३एक्स सार्वजनिक गरेको हो ।‘ इन्टेलिजेन्ट अर्बन मोबिलिटी’ को आधुनिक अवधारणामा आधारित यस एसयूभी सार्वजनिक भए सँगै बुकिङ पनि खुला गरिएको छ । पहिलो १०० खरिदकर्ताका लागी यसको मूल्य ४४ लाख ९९ हजार रुपैयाँ तोकिएको छ । पाँच कलर अप्सनमा रहेको यस गाडीको ग्राउन्ड क्लियरेन्स १९० एमएम रहेको छ । नेपालका विभिन्न सडकको अवस्थालाई ध्यानमा राखी तयार पारिएको लिपमोटर बीओ३एक्सले दैनिक व्यवहारिक

प्रयोग र उच्चस्तरीय प्रविधिलाई उत्कृष्ट रूपमा संयोजन गरेको छ।

यस श्रेणीमै उत्कृष्ट १४५ किलोवाटको मोटर र ५३ किलोवाट आवर्सको ब्याट्री क्षमता रहेको यस एसयूभीले ५०५ किलोमिटरसम्मको (सीएलटीसी) रेन्ज प्रदान गर्ने कम्पनीको दावी छ ।साथै यसमा ५१० लिटरको फराकिलो बुटस्पेस, प्रिमियम बनावट र फराकिलो केबिन छ । सुरक्षाका दृष्टिले यसमा ‘एडिएस लेभल २’ प्रविधि जडान गरिएको छ, जसले सुरक्षित र इन्टेलिजेन्ट ड्राइभिङको नयाँ मापदण्ड स्थापित गर्ने अपेक्षा गरिएको छ ।

चीनको नम्बर १ स्टार्ट-अप न्यु इनर्जी भेहिकल (एनईभी) ब्राण्ड लिपमोटरले हालसम्म विश्वभर १६ लाखभन्दा बढी सवारीसाधन बिक्री गरिसकेको छ, जसमध्ये जुलाई महिनामा मात्रै १ लाखभन्दा बढी युनिट बिक्री भएका थिए । विश्वका ४० भन्दा बढी देशहरूमा फैलिएको १ हजार ७०० भन्दा बढी बिक्री तथा सेवा केन्द्रहरूको विशाल सञ्जालमार्फत लिपमोटरले आफ्ना ग्राहकहरूलाई सहज र विश्वसनीय स्वामित्वको अनुभव प्रदान गर्दै आएको कम्पनीले जनाएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**